## आर्थिक गणना, २०८२

# गणना प्रतिवेदन

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**जिल्ला आर्थिक गणना कार्यालय**

काठमाडौँ, क, शङ्खमूल

## आर्थिक गणना, २०८२

# गणना प्रतिवेदन

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

## जिल्ला आर्थिक गणना कार्यालय

काठमाडौं, क, शङ्खमूल

# विषय सूची


पेज नं.

**खण्ड - १**

**परिचय** **१--१४**

१.१ पृष्ठभुमि १

१.२ कार्यालयको कार्यक्षेत्र १

१.३ जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ 'क' स्थापना १३

१.४ जिल्ला आर्थिक गणना व्यवस्थापन समूह १३

१.५ सुपरिवेक्षक र गणकको जम्मा दरबन्दी १३

१.६ प्रतिवेदन लेखनको उद्देश्यहरु १३

१.७ प्रतिवेदन तयारी विधि र सूचनाको स्रोत १४

१.८ प्रतिवेदनको संरचना १४

**खण्ड - २**

**समन्वय तथा सहजीकरण समिति गठन र अन्तर्क्रिया कार्यक्रम** **१५-१६**

२.१ जिल्ला आर्थिक गणना समन्वय समिति गठन १५

२.२ काठमाडौँ महानगरपालिकामा वडा सचिवस्तरीय अन्तर्क्रिया कार्यक्रम १६

२.३ महानगरका एघार ओटा वडामा आर्थिक गणना वडा सहजीकरण समिति गठन गर्ने पत्र बुझाइएको १६

२.४ वडा नम्बर ३१ का जनप्रतिनिधि र स्थानीय व्यवसायीहरुसँग अन्तर्क्रिया १६

२.५ वडा नम्बर १४ का जनप्रतिनिधि र स्थानीय व्यवसायीहरुसँग अन्तर्क्रिया १६

२.६ नेपाल उद्योग वाणिज्य संघ काठमाडौँका नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरुसँग अन्तर्क्रिया १६

**खण्ड – ३**

**सुपरिवेक्षक तथा गणक छनौट र नियुक्ति** **१७-३६**

३.१ सुपरिवेक्षक र गणकको प्रारम्भिक सूची प्रकाशन १७

३.२ सुपरिवेक्षक र गणकको अन्तर्वार्ताको समयतालिका प्रकाशन १७

३.३ अन्तर्वार्ता सम्बन्धी मापदण्ड १८
३.४ प्रमुख जिल्ला अधिकारीको परामर्शमा अन्तर्वार्ता समितिको केन्द्रीय प्रतिनिधि नियुक्ति १८
३.५ प्रारम्भिक सूचीका सुपरिवेक्षक र गणकलाई टेलिफोन सम्पर्क १८
३.६ सुपरिवेक्षक अन्तर्वार्ता र नतिजा प्रकाशन १९
३.७ सुपरिवेक्षकसँग करारनामा, नियुक्ति र आर्थिक गणना बारे अभिमुखीकरण २४
३.८ गणक अन्तर्वार्ताका तीन दिन २४
३.९ गणकको नतिजा प्रकाशन २५
३.१० गणकसँग करारनामा र नियुक्ति ३५
३.११ गणकको दोस्रो सर्ट लिस्ट प्राप्ति ३५
३.१२ वैकल्पिक सूचीका सुपरिवेक्षक नियुक्ति ३५
३.१३ गणकको दोस्रो सर्ट लिस्टबाट गणक नियुक्ति ३५

**खण्ड – ४**

**सुपरिवेक्षक गणक तालिम** **३७-५२**
४.१. तालिम बजेट र लागत अनुमान ३७
४.२. तालिम कार्यतालिका ३७
४.३. तालिम भेन्यू र कक्षा सङ्ख्या ३७
४.४. प्रशिक्षक, संयोजक र सहयोगी व्यवस्थापन ३८
४.६. तालिम कार्यक्रममा सहभागीहरुको सङ्ख्यात्मक उपस्थिति ३८
४.७. चिया- खाजा आपूर्ति ३९
४.८. पानी आपूर्ति र सरसफाइ ३९
४.९. झोला, छाता खरिद तथा वितरण ३९
४.१०. वडा सिमानाको नक्सा छपाई ४०
४.११. अन्य सामग्री वितरण ४०
४.१२. स्वयम्भू कार्यालयसँग गणक आदानप्रदान ४१
४.१३. चाबहिल कार्यालयसँग गणक आदानप्रदान ४१
४.१४. वैकल्पिक सुपरिवेक्षक व्यवस्थापन र सुपरिवेक्षक खटनपटन ४१
४.१५. गणक खटनपटन र तालिम भेन्युमा अफिस रुम सञ्चालन ४२
४.१६. करारनामा गरेर, तालिम लिएर छाडने गणक ४२

४.१७. दोस्रो सर्ट लिस्ट माग र थप गणक नियुक्ति ४२
४.१८. आर्थिक गणनाको पर्चा छपाई तथा वितरण ४३
४.१९. सरकारी विद्यालय र स्वास्थ्य संस्थाको अतिरिक्त NSIC सम्बन्धी निर्देशन ४३
४.२०. तालिम समापन तथा धन्यवाद आदानप्रदान कार्यक्रम ४३

**खण्ड – ५**

**वैशाख २ गतेदेखि असार ७ गतेसम्मको आर्थिक गणना ५३-६९**

५.१ बैशाख २ गते गणना शुरुवात ५३
५.२ जिल्ला आर्थिक गणना कार्यालय काठमाडौँ क को फेसबुक पेज र हवाट्स अप ग्रुप निर्माण ५३
५.३ नेपाल उद्योग वाणिज्य संघ काठमाडौँले आर्थिक गणनामा विवरण दिन अपील गरेको ५३
५.४ नेपाल वितरक संघले आर्थिक गणनामा विवरण दिन अपील गरेको ५३
५.५ डेली रिपोर्टिङ सिस्टम र गणनाको प्रगति ट्रयाकिङ ५४
५.६ समग्र गणना प्रगति ५८
५.७ गणना कार्यको अनुगमन ५८
५.८ गणकको विदाई कार्यक्रम: विदाई मन्तव्य ६२

**खण्ड – ६**

**आर्थिक गणनाको बजेट तथा कार्यक्रम र खर्च ७०-७४**

६.१ बजेट सारांश ७०
६.२ खर्चशीर्षक अनुसार बजेट र खर्च ७०
६.३ सेवा प्रदायहरुलाई गरिएको भुक्तानी विवरण ७१
६.४ आर्थिक गणनाको करार गणक र सुपरिवेक्षकको तलब भुक्तानीको विवरण ७२

**खण्ड -७**

**विविध ७५-७७**

७.१ कार्यबोझ र व्यवस्थापन समूहको आकार ७५
७.२ गणक छनौट मापदण्ड र गणकको प्रकृति ७६
७.३ गणना क्षेत्र नक्सा ७६
७.४ सुपरिवेक्षक-गणक अनुपात ७७

**अनुसूचीहरु**


अनुसूची-१ : जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ क मा गणना कार्य गरेका सुपरिवेक्षकहरु ७८

अनुसूची-२ : जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ क मा गणना कार्य गरेका गणकहरु ७९

अनुसूची-३ : कार्यालयले खरिद गरेका खर्च भएर जाने र नजाने जिन्सी सामानको विवरण ८३

**स्मरणीय तस्वीरहरु** ८५

खण्ड – १

# परिचय

## १.१ पृष्ठभूमि

यो प्रतिवेदन जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ ‘क’ को विस्तृत कार्य सम्पादन प्रतिवेदन हो। नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०८२/०८/१५ गतेको निर्णयानुसार स्वीकृत “राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२” को दफा ३६ को उपदफा (२) बमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालयले निर्धारण गरेको ढाँचामा यो प्रतिवेदन तयार पारिएको छ।

गणना कार्यमा खटिएका सुपरिवेक्षक तथा गणकहरुले गणना पुस्तिकाको क्रमश: अनुसूची-३ र अनुसूची-४ मा तोकिएको ढाँचामा आफूले सम्पन्न गरेको कामको प्रतिवेदन असार ८ गतेदेखि ११ गतेसम्म यस कार्यालयमा पेश गरेका थिए। उनीहरुले गणना गरेका ३७४२४ कागजी प्रश्नावली र २८१ ओटा ईसेन्सस मार्फत भरेका प्रश्नावली मिति २०८३/०३/२३ गते राष्ट्रिय तथ्याङ्क कार्यालयमा बुझाइ सकिएको छ।

यस प्रतिवेदनमा कार्यालयको कार्यक्षेत्रको सामान्य परिचय, आर्थिक गणनाको संगठन, जनशक्ति तथा क्षमता अभिवृद्धि, स्रोतसाधन, बजेट तथा गणना सामग्री व्यवस्थापन, स्थलगत गणना तथा सोको सुपरिवेक्षण, आर्थिक गणनाको प्रचारप्रसार, असहयोग तथा गुनासो व्यवस्थापन र गणना कार्यको तथ्याङ्कीय एवम् वित्तीय प्रगति प्रस्तुत गरिएको छ।

## १.२ कार्यालयको कार्यक्षेत्र

जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ ‘क’ आर्थिक गणना गर्ने प्रयोजनको लागि काठमाडौँ जिल्लामा स्थापना भएका ५ ओटा कार्यालयहरु मध्ये एउटा कार्यालय हो। यस कार्यालयलाई काठमाडौँ महानगरपालिका अन्तर्गतका निम्न ११ ओटा वडाहरुको गणना कार्य गर्ने जिम्मेवारी दिइएको थियो :-

- काठमाडौँ महानगरपालिका वडा नं.८ (पशुपती-गुहेश्वरी मन्दिर वरिपरिको क्षेत्र)
- काठमाडौँ महानगरपालिका वडा नं.९ (गौशाला, सिनामङ्गल र एयरपोर्ट क्षेत्र)
- काठमाडौँ महानगरपालिका वडा नं.१० (पुरानो बानेश्वरदेखि शङ्खमूलसम्मको मूल सडकको पश्चिम भाग)
- काठमाडौँ महानगरपालिका वडा नं.११ (बबरमहल, माइतीघर, थापाथली, त्रिपुरेश्वर, भद्रकाली र सुन्धराको दक्षिण क्षेत्र)
- काठमाडौँ महानगरपालिका वडा नं.१२ (टेकु, पचली र परोपकार क्षेत्र)
- काठमाडौँ महानगरपालिका वडा नं.१३ (कालिमाटी चोक, तरकारी बजार,ताहाचलदेखि बाफल, सितापाइलासम्म)

- काठमाडौँ महानगरपालिका वडा नं.१४ (कलङ्की, खसिबजार, कुमारी क्लब, बल्खु, कुलेश्वर र नयाँ बस्ती)
- काठमाडौँ महानगरपालिका वडा नं.२९ (अनामनगर, घट्टेकुलो, डिल्लिबजार र पुतलीसडकको पूर्वी भाग)
- काठमाडौँ महानगरपालिका वडा नं.३० (मैतीदेवी, ज्ञानेश्वर, डिल्लिबजारको उत्तरी र कमलपोखरीको दक्षिण भाग)
- काठमाडौँ महानगरपालिका वडा नं.३१ (बानेश्वरको शान्तिनगर, आलोकनगर, सङ्गमचोक र शङ्खमूलको पूर्वी भाग)
- काठमाडौँ महानगरपालिका वडा नं.३२ (तिनकुने, कोटेश्वर, नरेफाँट, जडिबुटी र पेप्सिकोला क्षेत्र)

यस कार्यालयको कार्यक्षेत्रमा रेका ११ ओटा वडामा ५३५ ओटा गणना क्षेत्र निर्धारण गरिएको थियो।

१.२.१ वडा नम्बर ८ को सीमाना




यस वडामा १५ ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्य गर्न ५ जना गणक खटाइएको थियो।

१.२.२ वडा नम्बर ९ को सीमाना

यस वडामा ४७ ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्यको लागि ९ जना गणक खटाइएको थियो।



१.२.३ वडा नम्बर १० को सीमाना

यस वडामा ८६ ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्यको लागि १० जना गणक खटाइएको थियो।



१.२.४ वडा नम्बर ११ को सीमाना

यस वडामा २७ ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्यको लागि ७ जना गणक खटाइएको थियो।



१.२.५ वडा नम्बर १२ को सीमाना

यस वडामा १८ ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्यको लागि ३ जना गणक खटाइएको थियो।



## १.२.६ वडा नम्बर १३ को सीमाना

यस वडामा ४० ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्यको लागि ८ जना गणक खटाइएको थियो।



१.२.७ वडा नम्बर १४ को सीमाना

यस वडामा ६८ ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्यको लागि ११ जना गणक खटाइएको थियो।



१.२.८ वडा नम्बर २९ को सीमाना

यस वडामा ४९ ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्यको लागि ८ जना गणक खटाइएको थियो।



१.२.९ वडा नम्बर ३० को सीमाना

यस वडामा ४४ ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्यको लागि ५ जना गणक खटाइएको थियो।



१.२.१० वडा नम्बर ३१ को सीमाना

यस वडामा ४८ ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्यको लागि १० जना गणक खटाइएको थियो।



१.२.११ वडा नम्बर ३२ को सीमाना

यस वडामा ९३ ओटा गणना क्षेत्र थिए। यस वडाको गणना कार्यको लागि १३ जना गणक खटाइएको थियो।



## १.३ जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ 'क' स्थापना

मिति २०८२ चैत १ गतेका दिन तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको बानेश्वरस्थित कार्यालय भवनमा जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँको साइन बोर्ड टाँगेर यस कार्यालयको स्थापना गरिएको थियो।

## १.४ जिल्ला आर्थिक गणना व्यवस्थापन समूह

यस कार्यालयको व्यवस्थापन समूहमा रहेर निम्न बमोजिम ८ जना कर्मचारीहरुले काम गरेका थिए :-

| | | |
|---|---|---|
| १. | लोक बहादुर खत्री | जिल्ला आर्थिक गणना अधिकारी |
| २. | अस्मिता पवन | सहायक आर्थिक गणना अधिकारी |
| ३. | किरण पोखरेल | नायब सुब्बा |
| ४. | केशव प्रसाद लामिछाने/सुशिला कटुवाल | गणक/खरिदार |
| ५. | वेदना गौली | सह-लेखापाल |
| ६. | विजय कुमार तामाङ | हलुका सवारीचालक |
| ७. | रविन्द्रमान महर्जन | कार्यालय सहयोगी |
| ८. | दशु पतुवार | कार्यालय सहयोगी |

(नोट :- गणक केशव प्रसाद लामिछाने बैशाख र जेठ महिनामा आर्थिक गणनाको व्यवस्थापन समूहमा रहेर काम गर्नु भएको थियो भने खरिदार सुशिला कटुवाल चैत र असार महिनामा आर्थिक गणनाको व्यवस्थापन समूहमा रहनु भएको थियो।)

## १.५ सुपरिवेक्षक र गणकको जम्मा दरबन्दी

यस कार्यालयको कार्यक्षेत्रमा स्थलगत तथ्याङ्क सङ्कलन गर्नको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट ११ जना सुपरिवेक्षक र ८९ जना गणक गरि जम्मा १०० जना फिल्ड कर्मचारीहरुको २.५ महिनाको करारमा कामकाज गर्ने दरबन्दी प्रदान गरिएको थियो। प्राप्त दरबन्दीको अधीनमा रही यस कार्यालयले १० जना सुपरिवेक्षक २.५ महिना, १ जना सुपरिवेक्षक २ महिना, ४ जना गणक २ महिना, १ जना गणक १.५ महिना र ५ जना गणक १ महिनाको लागि नियुक्ति गरेर गणना कार्य सम्पन्न गरेको थियो।

## १.६ प्रतिवेदन लेखनको उद्देश्यहरु

राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२" को दफा ३६ को उपदफा (२) कार्यान्वयन गर्नको लागि यो प्रतिवेदन तयार पारिएको हो। यद्यपि,यस प्रतिवेदन तयार गर्नुका निम्न थप उद्देश्यहरु पहिचान गरिएको छ:-

- जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ 'क' ले सम्पादन गरेका कामको अभिलेखीकरण गर्नु;
- आर्थिक गणना कार्यालयहरुको कार्यसम्पादन दक्षता, मितव्ययीता र प्रभावकारिता मूल्याङ्कन गर्नु; र
- आर्थिक गणनाको फिल्ड कार्यका मौलिक समस्या तथा चुनौती उजागर गरि तिनलाई सम्बोधन गर्न चालिएका सफल एवम् व्यवहारिक कदमहरुबाट पाठ सिक्नु।

## १.७ प्रतिवेदन तयारी विधि र सूचनाको स्रोत

यस प्रतिवेदन तयार गर्ने क्रममा निम्न प्रशासनिक अभिलेखहरु तथा सूचना प्रणालीबाट प्राप्त जानकारीहरु प्रयोग गरिएको छ:-

- राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रेषित पत्र तथा परिपत्रहरु
- जिल्ला आर्थिक गणना समन्वय समितिका निर्णयहरु
- सुपरिवेक्षक तथा गणक छनौट समितिका निर्णयहरु
- सुपरिवेक्षक तथा गणकको कराररनामा, नियुक्ति र खटनपटन सम्बन्धी निर्णयहरु
- आर्थिक गणना कार्यालयबाट सञ्चालित भौतिक बैठक, जुम बैठक, हवाटसअप ग्रुप मेसेज र ईमेलमार्फत प्रदान गरिएका निर्देशनहरु
- https://newpams.fcgo.gov.np बाट प्राप्त खरिद र जिन्सी सामानसम्बन्धी विवरण
- https://ipfms.fcgo.gov.np बाट प्राप्त बजेट तथा खर्च सम्बन्धी प्रतिवेदन
- दैनिक गणना प्रतिवेदन प्रणालीबाट प्राप्त गणनाको कार्य प्रगति सम्बन्धी विवरण र
- सुपरिवेक्षक तथा गणकले विदाई कार्यक्रममा प्रस्तुत गरेका राय सुझावहरु

## १.८ प्रतिवेदनको संरचना

यस प्रतिवदेनमा जम्मा ७ खण्ड र ४ अनुसूची छन्। दोस्रो खण्डमा आर्थिक गणनाको लागि गठन भएका समन्वय समिति, सहजीकरण समिति र कार्यालयले सञ्चालन गरेका अन्तर्क्रिया कार्यक्रमहरुको बारेमा चर्चा गरिएको छ भने तेस्रो खण्डमा जनशक्ति छनौट, तालिम र खटनपटनको प्रतिवेदन प्रस्तुत गरिएको छ। त्यसपछि गणना कार्य र सो को अनुगमनको अनुभव साझा गरिएको छ भने अर्को खण्डमा बजेट तथा खर्च र अन्तिममा विविध विषयहरु समावेश गरिएको छ। अनुसूची १ र अनुसूची २ मा गणना कार्यमा खटिएका क्रमश: सुपरिवेक्षक र गणकहरुको नामावली दिइएको छ। तेस्रो अनुसूचीमा वडा र गणना क्षेत्रगत रुपमा आर्थिक गणनाको प्रगति उल्लेख गरिएको छ। अनुसूची ४ मा यस कार्यालयले खरिद गरेका खर्च भएर जान र नजाने मालसामानहरुको विवरण छ। त्यसपछि केही स्मरणीय तस्वीरहरु राखिएको छ।

**खण्ड – २**

# समन्वय तथा सहजीकरण समिति गठन र अन्तर्क्रिया कार्यक्रम

## २.१ जिल्ला आर्थिक गणना समन्वय समिति गठन

मिति २०८२ साल चैत ६ गते र २०८३ साल असार १८ गते प्रमुख जिल्ला अधिकारी श्री ईश्वरराज पौडेलज्यूको अध्यक्षतामा जिल्ला आर्थिक गणना समन्वय समिति काठमाडौँको संयुक्त बैठक देहायको उपस्थितिमा सम्पन्न भएका थिए।

| पद | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| संयोजक | ईश्वरराज पौडेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, काठमाडौँ |
| सदस्य | सरोज गुरागाइँ | प्रमुख प्रशासकीय अधिकृत | काठमाडौँ महानगरपालिका |
| सदस्य | दिलिप घिमिरे/... | प्रहरी वरिष्ठ उपरिक्षक | जिल्ला प्रहरी परिसर, भद्रकाली, काठमाडौँ |
| सदस्य | दामोदर शर्मा | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय |
| सदस्य | शिवराम भट्टराई | प्रमुख कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| सदस्य | रमानाथ श्रेष्ठ | अध्यक्ष | नेपाल उद्योग वाणिज्य संघ, काठमाडौँ |
| सदस्य | प्रेमहरि मेनाली | महासचिव | नेपाल उद्योग वाणिज्य संघ, काठमाडौँ |
| सदस्य | नानीराज घिमिरे | सभापति, कृषि, पर्यटन तथा उद्योग समिति | नेपाल उद्योग वाणिज्य संघ, काठमाडौँ |
| सदस्य | अच्युतराज खनाल | अध्यक्ष | नेपाल सामान ढुवानी व्यवसायी संघ |
| सदस्य | शैलेन्द्र विक्रम थापा | महासचिव | जिल्ला होटल व्यवसायी सङ्घ, काठमाडौँ |
| सदस्य | गंगाराम भट्टराई | जिल्ला आर्थिक गणना अधिकारी | काठमाडौँ ङ : किर्तिपुर |
| सदस्य | किशोर के.सी. | जिल्ला आर्थिक गणना अधिकारी | काठमाडौँ ग : स्वयम्भु |
| सदस्य | तुलसिराम पोखरेल | जिल्ला आर्थिक गणना अधिकारी | काठमाडौँ घ : टोखा |
| सदस्य | पुष्पराज जोशी | जिल्ला आर्थिक गणना अधिकारी | काठमाडौँ ख : चाबहिल |
| सदस्य सचिव | लोक बहादुर खत्री | जिल्ला आर्थिक गणना अधिकारी | काठमाडौँ क : नयाँ बानेश्वर |
| आमन्त्रित | मुक्तिराम रिजाल/ खिमलाल भुसाल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, काठमाडौँ |
| आमन्त्रित | अस्मिता पवन | सहायक आर्थिक गणना अधिकारी | काठमाडौँ क |
| आमन्त्रित | सुजन कुमारी बर्देवा | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, काठमाडौँ |

**२.२ काठमाडौँ महानगरपालिकामा वडा सचिवस्तरीय अन्तर्क्रिया कार्यक्रम**

२०८३/१२/१० गते काठमाडौँ महानगरपालिकाको कमलादीस्थित नगरकार्यपालिकाको सभाहलमा महानगरका सबै वडामा कार्यरत वडा सचिवहरु तथा महानगरपालिकाका कर्मचारीहरुसँग आर्थिक गणनाको विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरि पालिका एवम् वडास्तरमा सहजीकरण समिति गठन गर्ने प्रावधानको विषयमा जानकारी गराइएको थियो।

**२.३ महानगरका एघार ओटा वडामा आर्थिक गणना वडा सहजीकरण समिति गठन गर्ने पत्र बुझाइएको**

चैत १० गतेको अन्तरक्रिया कार्यक्रम पश्चात सबै वडा कार्यालयमा  राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रेषित आर्थिक गणनामा सहयोग गरिदिने अनुरोध पत्र बुझाइएको थियो।

**२.४ वडा नम्बर ३१ का जनप्रतिनिधि र स्थानीय व्यवसायीहरुसँग अन्तर्क्रिया**

२०८३ साल जेठ १ गते वडा नम्बर १० र वडा नम्बर ३१ अन्तर्गत पर्ने बानेश्वर क्षेत्रका स्थानीय व्यवसायीहरुसँग वडा नम्बर ३१ को कार्यालय शान्तिनगरमा वडाका जनप्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा आर्थिक गणनाको विषयमा अन्तर्क्रिया गरिएको थियो।

**२.५ वडा नम्बर १४ का जनप्रतिनिधि र स्थानीय व्यवसायीहरुसँग अन्तर्क्रिया**

२०८३ साल जेठ ६ गते बल्खु, कुलेश्वर र कलंकी क्षेत्रका स्थानीय तरकारी व्यापारी, फलफूल व्यापारी र अन्य व्यवसायीहरुसँग वडा नम्बर १४ को कार्यालय बल्खुमा वडाका जनप्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा आर्थिक गणनाको विषयमा अन्तर्क्रिया गरिएको थियो।

**२.६ नेपाल उद्योग वाणिज्य संघ काठमाडौँका नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरुसँग अन्तर्क्रिया**

२०८३ साल जेठ २४ गते नेपाल उद्योग वाणिज्य संघ काठमाडौँ, ज्याठा, जमलको सभाहलमा सो संघका नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरुसँग आर्थिक गणनाको विषयमा अन्तर्क्रिया गरिएको थियो।

खण्ड – ३

# सुपरिवेक्षक तथा गणक छनौट र नियुक्ति

## ३.१ सुपरिवेक्षक र गणकको प्रारम्भिक सूची प्रकाशन

नेपालभरको लागि आर्थिक गणनाका काम गर्न इच्छुक २८,८७० जनाले सुपरिवेक्षक पदमा र १,३६,११३ जनाले गणक पदमा अनलाइन दरखास्त दिएका थिए। काठमाडौँ जिल्लामा ५५ जना सुपरिवेक्षक दरबन्दी रहेकोमा मिति २०८२/१२/११ गते जम्मा १११ जनाको प्रारम्भिक सूची प्रकाशित भएको र काठमाडौँ महानगरपालिकामा २३४ जना गणक दरबन्दी रहेकोमा २४२६ ओटा कुल आवेदनमध्येबाट ३५५ जनाको प्रारम्भिक सूची प्रकाशित भएको थियो।

**<u>सुपरिवेक्षक र गणकको दरबन्दी</u>**

जिल्ला आर्थिक गणना कार्यालय काठमाडौँ 'क' को लागि सुपरिवेक्षक ११ जना र गणक ८९ जनाको दरबन्दी प्रदान भएता पनि यस कार्यालयलाई काठमाडौँ जिल्लाका ५५ जना सुपरिवेक्षक र काठमाडौँ महानगरपालिकाका २३४ जना गणकको अन्तर्वार्ता लिएर छनौट तथा सिफारिस गर्ने जिम्मेवारी प्रदान गरिएको थियो।

## ३.२ सुपरिवेक्षक र गणकको अन्तर्वार्ताको समयतालिका प्रकाशन

चैत १५ गते कार्यालयबाट देहायको व्यहोरा भएको अन्तर्वार्तामा उपस्थित हुने सूचना प्रकाशन गरिएको थियो।

राष्ट्रिय तथ्याङ्क कार्यालयले 'राष्ट्रिय आर्थिक गणना, २०८२' सञ्चालन गर्न काठमाडौँ जिल्लामा आवश्यक करार जनशक्ति (सुपरिवेक्षक/गणक) पदपूर्ति गर्ने सन्दर्भमा प्रकाशन गरेको प्रारम्भिक सूची (सर्ट लिस्ट) मा परेका सुपरिवेक्षक र गणकहरुको अन्तर्वार्ता राष्ट्रिय तथ्याङ्क कार्यालयको च.नं.११९२ मिति २०८२/१२/१२ को "अन्तर्वार्ता तथा अन्तिम नतिजा सम्बन्धमा" विषयको संलग्न पत्रमा उल्लेखित मापदण्डको आधारमा देहाय बमोजिम २०८२ चैत्र १९ गतेदेखि २४ गतेसम्म तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँ (जिल्ला आर्थिक गणना कार्यालय, शङ्खमूल, काठमाडौँ) मा हुने भएकोले आफ्नो नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रका सक्कल र १-१ प्रति प्रतिलिपिसहित उपस्थित हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**<u>अन्तर्वार्ता हुने मिति, समय र स्थान</u>**

| क्र.सं. | पद | प्रारम्भिक सूचीको क्रम सङ्ख्या | अन्तर्वार्ता मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| **१** | सुपरिवेक्षक | **१ – १०** | **२०८२ चैत्र १९ गते** | १० बजे | जिल्ला आर्थिक गणना कार्यालय, क शङ्खमूल, काठमाडौँ |
| | | ११-२० | " | ११ बजे | |
| | | २१-३० | " | १२ बजे | |

__अन्तर्वार्ता हुने मिति, समय र स्थान__

| क्र.सं. | पद | प्रारम्भिक सूचीको क्रम सङ्ख्या | अन्तर्वार्ता मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| | | ३१-४० | " | १ बजे | गुगल प्लस कोड: 7MV7M8HM+W9 |
| | | ४१-५० | " | २ बजे | |
| | | ५१-६० | " | ३ बजे | |
| | | ६१-७० | " | ४ बजे | |
| **२** | **सुपरिवेक्षक** | **७१ – ८०** | **२०८२ चैत्र २० गते** | १० बजे | जिल्ला आर्थिक गणना कार्यालय, क शङ्खमूल, काठमाडौँ गुगल प्लस कोड: 7MV7M8HM+W9 |
| | | ७१-९० | " | ११ बजे | |
| | | ९१-१०० | " | १२ बजे | |
| | | १०१-१११ | " | १ बजे | |
| **३** | **गणक** | **१ – २०** | **२०८२ चैत्र २२ गते** | १० बजे | जिल्ला आर्थिक गणना कार्यालय, क शङ्खमूल, काठमाडौँ गुगल प्लस कोड: 7MV7M8HM+W9 |
| | | २१-४० | " | ११ बजे | |
| | | ४१-६० | " | १२ बजे | |
| | | ६१-८० | " | १ बजे | |
| | | ८१-१०० | " | २ बजे | |
| | | १०१-१२० | " | ३ बजे | |
| | | १२१-१४० | " | ४ बजे | |
| **४** | **गणक** | **१४१ – १६०** | **२०८२ चैत्र २३ गते** | १० बजे | जिल्ला आर्थिक गणना कार्यालय, क शङ्खमूल, काठमाडौँ गुगल प्लस कोड: 7MV7M8HM+W9 |
| | | १६१-१८० | " | ११ बजे | |
| | | १८१-२०० | " | १२ बजे | |
| | | २०१-२२० | " | १ बजे | |
| | | २२१-२४० | " | २ बजे | |
| | | २४१-२६० | " | ३ बजे | |
| | | २६१-२८० | " | ४ बजे | |
| **५** | **गणक** | **२८१ – ३००** | **२०८२ चैत्र २४ गते** | १० बजे | जिल्ला आर्थिक गणना कार्यालय, क शङ्खमूल, काठमाडौँ गुगल प्लस कोड: 7MV7M8HM+W9 |
| | | ३०१-३२० | " | ११ बजे | |
| | | ३२१-३४० | " | १२ बजे | |
| | | ३४१-३५५ | " | १ बजे | |

### ३.३ अन्तर्वार्ता सम्बन्धी मापदण्ड

- २०८२/११/०४ गतेको राष्ट्रिय तथ्याङ्क कार्यालयको निर्णय बमोजिम चैत २४ गतेभित्र सुपरिवेक्षक तथा गणक छनौट गरी अन्तिम नतिजा प्रकाशन गर्ने
- शैक्षिक योग्यतालाई ५ अङ्क र अन्तर्वार्तालाई २० अङ्कभार प्रदान गर्ने
- अन्तर्वार्तामा गणनाबारेको जानकारी, व्यक्तित्व/प्रस्तुती, स्थानीयबासी, र समय उपलब्धतालाई क्रमश: ५-५ अङ्क प्रदान गर्ने
- शैक्षिक योग्यतामा ८० प्रतिशतभन्दा बढीलाई ३ अङ्क, ६०-७९ प्रतिशतलाई २ अङ्क र ६० प्रतिशतभन्दा कम प्रतिशत प्राप्ताङ्कलाई १ अङ्क प्रदान गर्ने
- देहाय अनुसारको अन्तर्वार्ता छनोट समिति गठन गर्ने
  - जिल्ला आर्थिक गणना अधिकारी ................................... संयोजक
  - केन्द्रीय प्रतिनिधि ................................................... सदस्य
  - सहायक आर्थिक गणना अधिकारी .................................. सदस्य
- चैत २०-२४ गतेभित्र समयतालिका तयार गरी अन्तर्वार्ता सञ्चालन गर्ने

### ३.४ प्रमुख जिल्ला अधिकारीको परामर्शमा अन्तर्वार्ता समितिको केन्द्रीय प्रतिनिधि नियुक्ति

सुपरिवेक्षक तथा गणकको अन्तर्वारता लिने प्रयोजनको लागि प्रमुख जिल्ला अधिकारीज्यूको परामर्शमा जिल्ला प्रशासन कार्यालयका लेखा अधिकृत निखिल श्रेष्ठलाई अन्तर्वारता समितिको केन्द्रीय प्रतिनिधि तोकिएको थियो।

### ३.५ प्रारम्भिक सूचीका सुपरिवेक्षक र गणकलाई टेलिफोन सम्पर्क

**सुपरिवेक्षकलाई सम्पर्क:** प्रारम्भिक सूचीमा रहेका १११ जना सुपरिवेक्षक मध्ये १०८ जनालाई पहिलो पटक चैत १४-१५ मा टेलिफोन सम्पर्कमार्फत र दोस्रो चरणमा असार १९ गते हवाटस् अप मेसेजमार्फत अन्तर्वार्ताको मिति, समय र स्थानबारे जानकारी गराइएको थियो। प्रारम्भिक सूचीमा उल्लेखित ३ जना उम्मेदवारको फोन नम्बरमा सम्पर्क हुन सकेको थिएन।

**गणकलाई सम्पर्क:** गणकको प्रारम्भिक सूचीमा रहेका ३५५ जना उम्मेदवार मध्ये तीन समय तीस जनालाई पहिलो पटक चैत १६-१७ मा टेलिफोन सम्पर्कमार्फत र दोस्रो चरणमा असार २०-२१ गते हवाटस् अप

मेसेजमार्फत अन्तर्वार्ताको मिति, समय र स्थानबारे जानकारी गराइएको थियो। प्रारम्भिक सूचीमा उल्लेखित २५ जना उम्मेदवारको फोन नम्बरमा सम्पर्क हुन सकेको थिएन।

सुपरिवेक्षक तथा गणकलाई टेलिफोन सम्पर्क तथा ह्वाटस अप मेसेज गर्ने कार्यमा जिल्ला आर्थिक गणना कार्यालय काठमाडौँ ‘ग’ (स्वयम्भु) बाट २ जना कर्मचारीहरुले सहयोग तथा सहकार्य गर्नु भएको थियो।

## ३.६ सुपरिवेक्षक अन्तर्वार्ता र नतिजा प्रकाशन

जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, 'क' मा मिति २०८२/१२/१९ र २० गते लिइएको सुपरिवेक्षकको अन्तर्वार्ताबाट उम्मेदारहरूको सक्कल नागरिकता एवम् शैक्षिक योग्यताका प्रमाणपत्रहरूको सक्कल प्रति रूजु गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको चगतेको अन्तर्वार्ता सम्बन्धी माप १२/१२/२०८२मिति ११९.नं.दण्डमा तोकिएको विधि र प्रक्रिया बमोजिम अन्तर्वार्ता लिएर गणनाबारे जानकारी, व्यक्तित्व तथा प्रस्तुती, नागरिकता तथा काम गर्न चाहेको स्थानबीचको संगती र उम्मेदवारको समय उपलब्धताको आधारमा मूल्याङ्कन गरी आर्थिक गणना २०८२ को काठमाडौँ जिल्लामा करारसेवामा काम गर्ने सुपरिवेक्षकहरूको अन्तर्वार्ता समितिका तीन जना सदस्यहरूले स्वतन्त्ररूपमा गरेको मुल्याङ्कनको औषत निकालेर सो औषतको आधारमा महिला सङ्ख्या ५० प्रतिशत वा सोभन्दा बढी हुने गरी तपसिल बमोजिम जम्मा ५५ जना सुपरिवेक्षक सम्बन्धित जिल्ला आर्थिक गणना कार्यालयमा सिफारिस गर्ने र बाँकी १९ जना वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गरिएको थियो।

**काठमाडौँ क को लागि सिफारिस भएका सुपरिवेक्षकहरु**

| नाम, थर | लिङ्ग | ठेगाना |
|---|---|---|
| अशोक अर्याल | पुरूष | मालारानी-३, अर्घाखाँची |
| सृष्टी पौडेल | महिला | आधिखोला-४, स्याङ्ग्जा |
| हेम राज बडु | पुरूष | महाकाली-७, दार्चुला |
| अमित कुमार यादव | पुरूष | चक्रघट्टा-४, सर्लाही |
| अन्जु मरासिनी | महिला | भुमिकास्थान-९, अर्घाखाँची |
| रिकेश मालाकार | पुरूष | का.म.न.पा.१३, काठमाडौँ |
| दिपीका पराजुली | महिला | पोखरा लेखनाथ-७, कास्की |
| गितान्जली साह | महिला | गणेशमान चारनाथ-४, धनुषा |
| चेतन खनाल | पुरूष | कालिमाटी-३, सल्यान |
| अंकुर शंकर कर्माचार्य | पुरूष | का.म.न.पा.-३४, काठमाडौँ |

| | | |
|---|---|---|
| आर्शिवाद तामाङ | पुरूष | पाँचखपन-४, संखुवासभा |

नोट : 'क' कार्यालयमा सिफारिस भएका चेतन खनालले सुपरिवेक्षक पदमा काम नगर्ने व्यहोरा जानकारी गराएकोले निजको स्थानमा वैकल्पिकतर्फको पहिलो उम्मेदवार विपिन कोइरालालाई नियुक्ति गरिएको थियो।

**काठमाडौँ ख को लागि सिफारिस भएका सुपरिवेक्षकहरु**

| नाम, थर | लिङ्ग | ठेगाना |
|---|---|---|
| ओजस सापकोटा | पुरूष | कन्काइ, झापा |
| अर्बिन श्रेष्ठ | पुरूष | खाँदबारी, संखुवासभा |
| सोफिया श्रेष्ठ | महिला | दक्षिणकाली, काठमाडौँ |
| आशिष ज्ञवाली | पुरूष | तानसेन, पाल्पा |
| सेबी खातुन बढइन | महिला | कलैया, बारा |
| देव्यानी लामिछाने | महिला | निपाने, सिन्धुली |
| शिवानी शर्मा | महिला | जलेश्वर, महोत्तरी |
| प्रभा ओझा | महिला | कोशीहरैछा, मोरङ |
| दुर्गा परियार | महिला | कागेश्वरी मनहरा |
| सोनिया खड्का | महिला | कागेश्वरी मनहरा |
| अनिप श्रेष्ठ | पुरूष | कागेश्वरी मनहरा |

नोट : सेबी खातुन बढइनले सुपरिवेक्षक पदमा काम नगरेको हुनाले निजको स्थानमा २ नम्बरको वैकल्पिक उम्मेदवार भास्कर पन्तलाई नियुक्तिको लागि सिफारिस गरिएको थियो।

**काठमाडौँ ग को लागि सिफारिस भएका सुपरिवेक्षकहरु**

| नाम, थर | लिङ्ग | ठेगाना |
|---|---|---|
| भावना ऐर | महिला | गोदावरी, कैलाली |
| जीवन विष्ट | पुरूष | साँफेबगर, अछाम |
| मनिस मानन्धर | पुरूष | का.म.न.पा.२५ |
| राजेश्वर महतो | पुरूष | बारा |
| जोत्सना मानन्धर | महिला | का.म.न.पा.-२७ |
| सुमिना थापा | महिला | झापा |
| परीना श्रेष्ठ | महिला | लिखु, नुवाकोट |

| | | |
|---|---|---|
| रन्जित कुमार साह | पुरूष | महोत्तरी |
| स्वर्णिका शाक्य | महिला | का.म.न.पा.१२ |
| ईश्वर आचार्य | पुरूष | गेरूवा, बर्दिया |
| रिंतिना तण्डूकार | महिला | का.म.न.पा.११ |

**काठमाडौँ घ को लागि सिफारिस भएका सुपरिवेक्षकहरु**

| नाम, थर | लिङ्ग | ठेगाना |
|---|---|---|
| अनिता श्रेष्ठ | महिला | टोखा |
| आभा पोख्रेल | महिला | टोखा |
| तागेराहाङ लिम्बु | पुरूष | ताप्लेजुङ |
| सिद्धिका ढकाल | महिला | टोखा |
| जमुना पण्डित | महिला | गोकर्णेश्वर |
| सरोज सापकोटा | पुरूष | गोकर्णेश्वर |
| दिव्या फुयाल | महिला | गोकर्णेश्वर |
| अनु पोखरेल | महिला | बुढानिलकण्ठ |
| गरिमा आचार्य | महिला | बुढानिलकण्ठ |
| प्रमिश ढकाल | पुरूष | बुढानिलकण्ठ |
| रचना आचार्य | महिला | रेसुङ्गा, गुल्मी |

**काठमाडौँ ङ को लागि सिफारिस भएका सुपरिवेक्षकहरु**

| नाम, थर | लिङ्ग | ठेगाना |
|---|---|---|
| पार्वती भारती | महिला | बेलडाँडी, कन्चनपुर |
| प्रज्वल आचार्य | पुरूष | विदुर, नुवाकोट |
| रमेश कुमार धमाला | पुरूष | लम्कीचुवा, कैलाली |
| प्रतिक्षा काफ्ले | महिला | पर्वत |
| सदिक्षा पाण्डेय | महिला | बाग्लुङ-११ |
| रेश्मा दाहाल | महिला | बनेपा, काभ्रे |
| मदन अर्याल | पुरूष | तारकेश्वर |

| | | |
|---|---|---|
| सानी माया तामाङ | महिला | रूबीभ्याली, धादिङ |
| स्मृती थापा मगर | महिला | रत्ननगर, चितवन |
| रबिन रोका | पुरूष | पालुङटार, गोर्खा |
| टेक बहादुर बयाडी | पुरूष | सयाल, डोटी |

नोट: दक्षिणकाली नगरपालिकाको सुपरिवेक्षकको काम गर्ने गरि नियुक्ति लिएको एक जना सुपरिवेक्षकले ङ कार्यालयबाट राजिनामा गरेका थिए।

**<u>काठमाडौँ जिल्लाको आर्थिक गणनाको सुपरिवेक्षक पदका वैकल्पिक उम्मेदवारहरु</u>**

| क्र.सं. | दर्ता नम्बर | नाम, थर | लिङ्ग | ठेगाना |
|---|---|---|---|---|
| ५५ | १३ | बिपिन कोइराला | पुरूष | कालिकोट |
| ५९ | १२२४३० | भास्कर पन्त | पुरूष | कन्चनपुर |
| ६२ | १०४१५ | मन्जु श्रेष्ठ | महिला | धादिङ |
| ११० | ८३२८५ | हस्मी श्रेष्ठ | महिला | ताप्लेजुङ |
| ४४ | ४८८९४ | निता आचार्य | महिला | सिन्धुपाल्चोक |
| ७९ | १२१७५२ | विपिन वस्ती | पुरूष | धादिङ |
| ४८ | ५४६१५ | पुजा अधिकारी | महिला | काभ्रे |
| ६ | ४३२४ | अबिन कुमार मण्डल | पुरूष | धनुषा |
| २७ | १००७१७ | चित्रेश लाल कर्ण | पुरूष | धनुषा |
| ४५ | २७०९७ | निशा लामिछाने | महिला | पर्सा |
| ६३ | २४९६८ | माधव खनाल | पुरूष | अर्घाखाँची |
| ५६ | २०६०६ | बिमान बस्नेत | पुरूष | झापा |
| ९२ | ३१८८५ | सरोज सुवेदी | पुरूष | संखुवासभा |
| ९ | २६८७६ | अरबिन्द कुमार सिंह | पुरूष | सर्लाही |
| ९३ | ६०२३५ | सरोजा खनाल | महिला | गोर्खा |
| ७ | १८५ | अभया राना | महिला | तनहुँ |
| २० | ४९७८१ | एलिना केदेम | महिला | झापा |
| ७८ | ५४६३५ | विजय खनाल | पुरूष | अर्घाखाँची |
| ८६ | ११४५०७ | संदिप यादव | पुरूष | बारा |

### ३.७ सुपरिवेक्षकसँग करारनामा, नियुक्ति र आर्थिक गणना बारे अभिमुखीकरण

छानिएका सुपरिवेक्षकसँग यस कार्यालयले चैत २१ गते करारनामा गरि चैत २६गतेदेखि लागू हुने गरि २.५ महिनाको लागि सुपरिवेक्षक पदमा नियुक्ति गरिएको थियो। सोही दिन सबै सुपरिवेक्षकलाई करिब २ घंटा आर्थिक गणनाको विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो।

### ३.८ गणक अन्तर्वार्ताका तीन दिन

देहायको अन्तर्वार्ता समितिले देहाय बमोजिमको सिफ्टमा सुपरिवेक्षकहरुको २ दिन र गणकको ३ दिन अन्तर्वार्ता लिएको थियो।

| क्र.स. | कर्मचारीको नाम, थर | कार्यालय | पद | मिति | सिफ्ट |
|---|---|---|---|---|---|
| १ | लोक बहादुर खत्री | काठमाडौँ क | संयोजक | चैत १९ | १ |
| २ | निखिल श्रेष्ठ | सिडिओ अफिस | विज्ञ | चैत १९ | १ |
| ३ | अस्मिता पवन | काठमाडौँ क | सचिव | चैत १९ | १ |
| ४ | किरण पोखरेल | काठमाडौँ क | सहयोगी | चैत १९ | १ |
| ५ | वेदना गौली | काठमाडौँ क | सहयोगी | चैत १९ | १ |
| ६ | लोक बहादुर खत्री | काठमाडौँ क | संयोजक | चैत २० | १ |
| ७ | निखिल श्रेष्ठ | सिडिओ अफिस | विज्ञ | चैत २० | १ |
| ८ | अस्मिता पवन | काठमाडौँ क | सचिव | चैत २० | १ |
| ९ | सुशिला कटुवाल | काठमाडौँ क | सहयोगी | चैत २० | १ |
| १० | वेदना गौली | काठमाडौँ क | सहयोगी | चैत २० | १ |
| ११ | लोक बहादुर खत्री | काठमाडौँ क | संयोजक | चैत २२ | १ |
| १२ | निखिल श्रेष्ठ | सिडिओ अफिस | विज्ञ | चैत २२ | १ |
| १३ | अस्मिता पवन | काठमाडौँ क | सचिव | चैत २२ | १ |
| १४ | विपिन अधिकारी | काठमाडौँ ग | सहयोगी | चैत २२ | १ |
| १५ | कमलराज जोशी | काठमाडौँ ख | सहयोगी | चैत २२ | १ |
| १६ | लोक बहादुर खत्री | काठमाडौँ क | संयोजक | चैत २२ | २ |
| १७ | निखिल श्रेष्ठ | सिडिओ अफिस | विज्ञ | चैत २२ | २ |
| १८ | अस्मिता पवन | काठमाडौँ क | सचिव | चैत २२ | २ |
| १९ | कमलराज जोशी | काठमाडौँ ख | सहयोगी | चैत २२ | २ |
| २० | विपिन अधिकारी | काठमाडौँ ग | सहयोगी | चैत २२ | २ |

| क्र.स. | कर्मचारीको नाम, थर | कार्यालय | पद | मिति | सिफ्ट |
|---|---|---|---|---|---|
| २१ | लोक बहादुर खत्री | काठमाडौँ क | संयोजक | चैत २३ | १ |
| २२ | निखिल श्रेष्ठ | सिडिओ अफिस | विज्ञ | चैत २३ | १ |
| २३ | अस्मिता पवन | काठमाडौँ क | सचिव | चैत २३ | १ |
| २४ | विष्णुदेवी शर्मा | काठमाडौँ ग | सहयोगी | चैत २३ | १ |
| २५ | सुशिला कटुवाल | काठमाडौँ क | सहयोगी | चैत २३ | १ |
| २६ | लोक बहादुर खत्री | काठमाडौँ क | संयोजक | चैत २३ | २ |
| २७ | निखिल श्रेष्ठ | सिडिओ अफिस | विज्ञ | चैत २३ | २ |
| २८ | अस्मिता पवन | काठमाडौँ क | सचिव | चैत २३ | २ |
| २९ | गिता पन्थी | काठमाडौँ ग | सहयोगी | चैत २३ | २ |
| ३० | विष्णुदेवी शर्मा | काठमाडौँ ग | सहयोगी | चैत २३ | २ |
| ३१ | लोक बहादुर खत्री | काठमाडौँ क | संयोजक | चैत २४ | १ |
| ३२ | निखिल श्रेष्ठ | सिडिओ अफिस | विज्ञ | चैत २४ | १ |
| ३३ | अस्मिता पवन | काठमाडौँ क | सचिव | चैत २४ | १ |
| ३४ | सुशिला कटुवाल | काठमाडौँ क | सहयोगी | चैत २४ | १ |
| ३५ | गिता पन्थी | काठमाडौँ ग | सहयोगी | चैत २४ | १ |
| ३६ | लोक बहादुर खत्री | काठमाडौँ क | संयोजक | चैत २४ | २ |
| ३७ | निखिल श्रेष्ठ | सिडिओ अफिस | विज्ञ | चैत २४ | २ |
| ३८ | अस्मिता पवन | काठमाडौँ क | सचिव | चैत २४ | २ |
| ३९ | विपिन अधिकारी | काठमाडौँ ग | सहयोगी | चैत २४ | २ |
| ४० | गिता पन्थी | काठमाडौँ ग | सहयोगी | चैत २४ | २ |

## ३.९ गणकको नतिजा प्रकाशन

जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, 'क' मा मिति २०८२/१२/२२ गतेदेखि २०८२/१२/२४ गतेसम्म लिइएको गणक पदको अन्तर्वार्ताबाट उम्मेदारहरूको नागरिकता एवम् शैक्षिक योग्यताका प्रमाणपत्रहरूको सक्कल प्रति रूजु गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको चगतेको अन्तर्वार्ता सम्बन्धी १२/१२/२०८२मिति ११९२.नं. मापदण्डमा तोकिएको विधि र प्रक्रिया बमोजिम अन्तर्वार्ता लिएरगणनाबारे जानकारी, व्यक्तित्व तथा प्रस्तुती, नागरिकता तथा काम गर्न चाहेको स्थानबीचको संगती र उम्मेदवारको समय उपलब्धताको आधारमा मूल्याङ्कन

गरी आर्थिक गणना, २०८२ को काठमाडौँ महानगरपालिका अन्तर्गतका करारसेवामा काम गर्ने गणकहरूको अन्तर्वार्ता समितिका तीन जना सदस्यहरूले स्वतन्त्ररूपमा गरेको मुल्याङ्कनको औषत निकालेर सो औषतको आधारमा महिला सङ्ख्या ५० प्रतिशत वा सोभन्दा बढी हुने गरी तपसिल बमोजिम सम्बन्धित जिल्ला आर्थिक गणना कार्यालय काठमाडौँ, 'क', 'ख' र 'ग' मा क्रमश: ८७, ५७ र ८५ जना गरी जम्मा २ सय २९ जना सिफारिस भएका गणक उम्मेदवारहरूको सूची प्रकाशित गरिएको थियो।

१. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, क, शङ्खमूलको लागि सिफारिस गणकहरु

| क्र.सं. | नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| १ | अंकित साह | धनुषा | १७०१७२०५३२२ |
| २ | अङ्किता गौतम | गुलरिया६-, बर्दिया | ६५-०१-७४-०५१४२ |
| ३ | अजय कुमार राम | सर्लाही | १९-०१-७१-०२१४३ |
| ५ | अदिती रायमाझी | काठमाडौँ | २७-०१-८१-०६६७३ |
| ११ | अनिल राना मगर | गोरखा | ४४-०१-७४-०४२८४ |
| १७ | अबि बिष्ट | दिपायल सिलगढी७-, डोटी | ६८-०१-८०-०२७१५ |
| १८ | अबिन कुमार मण्डल | धनुषा | १७-०१-७२-०८९०९ |
| २३ | अमृतु यादव | बारा | ३३-०१-८०-११४८१ |
| २४ | अरविन्द्र सिंह ओइरे | धनुषा | ७२-०१-७७-००८७२ |
| २६ | अस्मिता बिष्ट | कन्चनपुर | ७५-०२-७८-०१२७२ |
| २७ | आकाश पाल | जयपृथ्वी४-, बझाङ | ७१-०१-७२-००७१७ |
| २८ | आदर्श मिसन साह | मिरचैया६-, सिरहा | १५-०१-७९-११८३५ |
| ३२ | आरती ठाकुर | सर्लाही | २७०९३०४-८०-०१- |
| ३५ | आरोग्य फुयल | मेचीनगर१०-, झापा | ०४-०१-७९-१४३६९ |
| ४० | आशिष केशरी | गौर८-, रौतहट | ३२-०१-७७-०१२६१ |
| ४३ | आश्रीका कडेल | मकवानपुर | ३१-०१-८०-०३२१९ |
| ४७ | इन्दल राम | सर्लाही | १९-०६-८०-०३२४७ |
| ४८ | इन्द्रा कुमारी रोकाय क्षेत्री | बैजनाथ२-, बाँके | ६६-०६-७४-०१३०० |
| ४९ | इशा साउद | कैलाली | ६७-०२-८१-०९९६३ |
| ५० | इशानी शर्मा | स्याङ्गजा | ४२०१७९०२८१८ |
| ५१ | इशान्वी जायसवाल | बारा | ३३-०१-७८-०१८७६ |
| ५७ | उत्सव राज उप्रेती | काठमाडौँ | २७१०६०/११२७५६ |

१. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, क, शङ्खमूलको लागि सिफारिस गणकहरु

| क्र.सं. | नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| ५८ | उमा कुमारी घिमिरे | लालबन्दी७-, सर्लाही | १९-०२-७८-०५४१९ |
| ५९ | उमेश घिमिरे | टेम्कोमैयम९-, भोजपुर | ०९-०१-७५-०१६१६ |
| ६९ | कंन्चन पंडित | कलैया२५-, बारा | ३३-०१-८०-०९३७३ |
| ७१ | करुणा खत्री | बर्दिया | ६५-०६-८०-००५१२ |
| ७३ | कविता पन्त | बैतडी | ७३-०१-७९-०३१६७ |
| ७४ | कविर धवज बुढाथोकी | दोलखा | २२-०१-७७-०१२७६ |
| ७८ | कुश कुमार पण्डित | धनुषा | १७-०२-७४-०११०० |
| ८४ | खगेन्द्र कुमार यादव | रौतहट | ३२-०१-७६-०२७४७ |
| ८६ | गंगा श्रेष्ठ | गोरखा | ४४-०१-७९-०४१९० |
| ८९ | गिता अधिकारी | प्यूठान | ५३-०२-७९-०१०४६ |
| ९१ | गुरु प्रसाद पराजुली | नवलपरासी पश्चिम | ३६-०१-७६-०२१७२ |
| ९३ | घनश्याम सिंह यादव | सर्लाही | १९-०१-७४-०६७३७ |
| ९४ | चन्दन प्रसाद साह | बारा | ३३-०६-७८-००५१३ |
| ९९ | जयप्रकाश साह | सिरहा | १५-०१-८०-०२३७६ |
| १०० | जानकी कुँवर | गुल्मी | ४१-०१-८९-०५२३८ |
| १०५ | जेनिसा बजगाइ | सुनसरी | ०६-०१-७९-१४०१९ |
| १११ | डन्डी राज दाहाल | डोटी | ६८-०१-७५-०२६७२ |
| ११४ | तिसा श्रेष्ठ राजबाहक | का२६-.पा.न.म. | २७-०१-७७-०३५९१ |
| ११५ | तुलसा लिम्बु | इलाम | ०३-११-७५-०००३० |
| ११७ | दिनेश राज ओझा | बझाङ | ७१-०१-७३-०१६७० |
| १२२ | दिपेन्द्र गिरी | बाजुरा | ७०-०१-७६-०२३९२ |
| १२३ | दिपेश घिमिरे | झापा | ०४-०१-७८-०४०६५ |
| १२५ | दिलाराम भट्ट | बैतडी | ७३३००६/१३९ |
| १२८ | दुर्गा बलामी | मकवानपुर | ३१३०३२/४३४ |
| १२९ | दृष्टी श्रेष्ठ | सिन्धुली | २०-०१-८१-०४९२१ |
| १३८ | निकिता साह | महोत्तरी | १८-०१-८०-१७९८ |
| १४१ | निर्मल ढकाल | काठमाडौँ | ३००२३/३५९१५ |

१. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, क, शङ्खमूलको लागि सिफारिस गणकहरु

| क्र.सं. | नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| १४२ | निशा घिमिरे | कपिलवस्तु | ३८-०६-७९-००४८८ |
| १४४ | निशा साउद | कन्चनपुर | ६७-०२-८१-०९९६२ |
| १४६ | नीह कुमारी राय | सिरहा | १५-०१०४०९१-८२- |
| १५६ | पुकार गौतम | इलाम | ०३-०२-७७-००१६६ |
| १५७ | पुष्कर राज जोशी | कैलाली | ६७-०१-७३-०१७०० |
| १६० | प्रकाश वली | सल्यान | ५५-०१-८०-०५२६४ |
| १६४ | प्रतिभा रिमाल | काठमाडौँ | २७-०१-७८-००८४२ |
| १६५ | प्रतिमा राई | सुनसरी | ०६-०१-७३-०५३९७ |
| १७१ | प्रभुराम राना मगर | गोरखा | ४४-०१-७८-०३१४६ |
| १७३ | प्रशना श्रेष्ठ | चितवन | ३५-०१-७७-०५२५८ |
| १८२ | बिकेश कुमार यादव | रौतहट | ३२-०१-८१-०१८१३ |
| १८८ | बिमल पन्थी | गुल्मी | ४१-०१-७३-०३२९० |
| १९० | बिशाल निरौला खत्री | सङ्खुवासभा | १०-०१-७८-००३०९ |
| १९१ | बिष्णु खड्का | दोलखा | २२-०१-७४-०१७८८ |
| १९३ | बुद्धि मान पुन | दाङ | ५२-०२-७५-००११२ |
| १९९ | मनिष भण्डारी | काठमाडौँ | २७१०६०/१३०३६४ |
| २०३ | महेन्द्र कठायत | डोटी | ६८-०१-७३-०१३४७ |
| २०८ | मेनुका सेटी | अछाम | ६९-०१-७९-०७५४२ |
| २१६ | रंजन कुमार साह | बारा | ३३-०१-७७-००९९९ |
| २२४ | रस्ना सैजु | भक्तपुर | २९-०१-०६४-०१४८६ |
| २२७ | राज कुमार अधिकारी | गोरखा | ४४-०१-७४-०२९२३ |
| २३४ | रिना लामा | काभ्रे | ३०-०१-८२-०३५११ |
| २४७ | रोहन शाह | रौतहट | ३२०२७९०५३८१ |
| २५१ | लक्ष्मी कुमारी | सर्लाही | १९-०६-८०-०३१११ |
| २५३ | लाल बाबु शर्मा | रौतहट | ३२-०१-७७-०३६७५ |
| २५८ | विभुषा सापकोटा | काठमाडौँ | २७-०१-७४-०९१५७ |
| २६१ | शर्मिला प्रजापति | बारा | ३३-०१-७६-०४६८० |

१. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, क, शङ्खमूलको लागि सिफारिस गणकहरु

| क्र.सं. | नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| २७९ | सन्दीप काफ्ले | मोरङ | ५-०२-७५-०१८२२ |
| ३१२ | सिद्धराज शाहि | हुम्ला | ५९-०१-८०-००३३९ |
| ३१९ | सुदिप परियार | अर्घाखाँची | ४०-०१-७५-०१५४२ |
| ३२३ | सुधिर यादव | धनुषा | १७-०१-७८-०६१४० |
| ३२४ | सुनिता ढुङ्गाना | धादिङ | २६-०१-७७-०४०८७ |
| ३३५ | सुशिला पाण्डे मैनाली | काठमाडौँ | २७१०६०/१३९०७ |
| ३३६ | सुष्मिता साह | सिरहा | १५-०१-७९-०८६०८ |
| ३४२ | सेजल श्रेष्ठ | काभ्रे | ३०-०१-८०-०४२२१ |
| ३४४ | सोनी हमाल | धादिङ | २६-०१-७६-०६०५२ |
| ३४६ | सोनु कुमार जयसवाल | बारा | ३३-०१-७९-०८३६७ |
| ३४९ | स्नेहा ढकाल | सिन्धुली | २०-०१-८०-०६२७७ |

२. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, ख, चाबहिलको लागि सिफारिस गणकहरु

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| ४ | अतित घिमिरे | पथरी शनिश्चरे९-, मोरङ | ०५-०२-७६-०११५० |
| ८ | अनिल कुमार यादव | धनुषा | १७-०१-७८-०३५१५ |
| १२ | अनुजा भुजेल | धर्मादेवी६-, सङ्खुवासभा | १०-०२-७५-००४५९ |
| १९ | अबिन पन्थि | गुल्मी | ४१-०१-८२-०१५५४ |
| २० | अभिषेक प्रसाद यादव | इशान्त९-, रौतहट | ३२-०१-७४-११२९६ |
| २५ | अर्जुन अधिकारी | शुभकालिका३-, कालिकोट | ६१-०१-७९-०२११३ |
| ३० | आयुष बोहरा | बैतडी | ७३-०१-७९-०४०८५ |
| ३८ | आलोक कुमार चौधरी | चक्रघट्ट५-, सर्लाही | १९-०१-७८-०१६८९ |
| ६१ | उर्मिला बिष्ट | चन्द्रपुर१-, रौतहट | ७५-०१-७६-०५८९३ |
| ७६ | कुमार अधिकारी | ओखलढुङ्गा | १३-०१-८०-०२५५२ |
| ७९ | कृतिका खाती | नुवाकोट | २५-०१-७९-००७६१ |
| ९६ | जगदिशोर अधिकारी | काठमाडौँ | ६१-०१-७५-००७९९ |
| १०७ | जोरी माया राई | सङ्खुवासभा | ११-०१-७८-००४४४ |

२. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, ख, चाबहिलको लागि सिफारिस गणकहरु

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| ११२ | तिर्थ माया तामाङ | सोलुखुम्बु | १११०३०/१३५ |
| ११८ | दिपशिखा मुखिया | मोरङ | ०५-०१-८०-१७६८४ |
| १३० | देबकी पराजुली | काभ्रे | ३०-०१-७७-०७९२३ |
| १५० | पल्सा महर्जन | काठमाडौँ | २७-०१-७१-००८३६ |
| १५२ | पवित्रा भाट | डडेल्धुरा | ७४-०१-७४-०५४३४ |
| १५३ | पारस बिष्ट | कालिकोट | ६१-०१-७८-०२३९४ |
| १६६ | प्रतीक पौडेल | कपिलवस्तु | ३८-०६-७९-०१५१४ |
| १७६ | प्रेक्षा खत्री | पर्वत | ५१-०१-७३-०१४०९ |
| १७७ | प्रेरणा साह | सिरहा | १५-०१-८०-००९४६ |
| १९२ | बिस्ना साउद | कन्चनपुर | ७५-०१-८०-०६९०४ |
| १९५ | भास्कर पन्त | कन्चनपुर | ७५-०१-७७-०८२०८ |
| १९६ | भूमिका अवस्थी | कैलाली | २७-०१-८०-०६०९८ |
| २०१ | मनिषा पौडेल | स्याङ्गजा | ४२-०१-७८-०३०९७ |
| २०२ | मनिषा महतो | धनुषा | १७-०१-७८-०९९३१ |
| २१० | मोनिका खड्का | बाँके | ६६-०६-८१-०२४२९ |
| २१३ | मौसम बहादुर राउत | महोत्तरी | १८-०५-७७-००६६० |
| २१९ | रबिन श्रेष्ठ | उदयपुर | १४-०२-७७-०१३०० |
| २२२ | रविन्द्र उपाध्याय | कन्चनपुर | ७५-०१-८०-०६४७० |
| २३६ | रुची राना राठौर | धनुषा | १७३१००-५ |
| २३७ | रुपा खड्का | बाँके | ६६-०१-७२-०२६१८ |
| २३८ | रेजिना प्याकुरेल | मुगु | ५८-०१-७५-०७८८२ |
| २४० | रोजिया खातुन | चितवन | ३५-०१-७९-०९०३७ |
| २५२ | लाक्पा डिक्की सेर्पा | इलाम | ०३-०१-७८-०२४७० |
| २५४ | विकास शर्मा | सिन्धुपाल्चोक | २४-०१-८०-११४५८ |
| २५५ | विनिता पंगेनी | स्याङ्गजा | ४२-०२-७७-०३९१३ |
| २५९ | विशाल अधिकारी | सिन्धुली | २०-०१-७६-०४५६२ |
| २६३ | शिवा प्रसाद साह तेली | रौतहट | ३२-०२-७८-०४२३५ |

२. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, ख, चाबहिलको लागि सिफारिस गणकहरु

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| २६४ | शेक्सपियर दुवाडी | चितवन | ३५-०१-७४-०३०९८ |
| २६५ | शैलेन्द्र राज आनन्द | सर्लाही | १९-०६-७८-००३३५ |
| २६६ | शैलेश सुवेदी | सङ्खुवासभा | १०-०२-७६-००३५३ |
| २७३ | सञ्जना प्रजापति | काठमाडौँ | २७-०१-७९-००७३१ |
| २८४ | सबिना डंगोल | काठमाडौँ | २७-०१-७३-०७२४५ |
| २८५ | समझना पुड़ासैनी | नुवाकोट | २५-०१-७९-०४१३७ |
| २९० | सम्झना न्यौपाने | नुवाकोट | २५-०१-८०-०४९०० |
| २९२ | सम्पदा भट्टराई | काठमाडौँ | २७-०१-८०-०१३४२ |
| ३०२ | सलिना तामाङ | काभ्रे | ३००१७९०९३७४ |
| ३०५ | सविता सुवेदी | नवलपरासी पूर्व | ७७-०१-७९-०२२९६ |
| ३१० | सारदा भुसाल | अर्घाखाँची | ४०-०१-७२-०१२२३ |
| ३११ | सोनी कुमारी यादव | सप्तरी | १६-०१-७६-०५३५० |
| ३१४ | सिमरन सिह | सिरहा | १५-०१-७९-११७६७ |
| ३१८ | सुदिप अवस्थी | कन्चनपुर | ७५-०१-८०-०७८२० |
| ३२६ | सुनिल कुमार पंडित | बारा | ३३-०१-७९-१२८१२ |
| ३२९ | सुभेच्छा न्यौपाने | सर्लाही | १९-०२-७८-०३०९८ |
| ३३९ | सुस्मिता श्रेष्ठ | सिन्धुपाल्चोक | २४-०१-७३-०३०६३ |

३. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, ग, स्वयम्भूको लागि सिफारिस गणकहरु

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| ९ | अनिल क्षेत्री | सुनसरी | ०६-०१-७८-०७५०५ |
| ३४ | आराध्या आचार्य | तनहुँ | ४३-०१-७८-०७४५८ |
| ४२ | आशुतोष अधिकारी | सुन्दरबजार४-, लमजुङ | ४५-०१-७८-०१८१३ |
| ६२ | उर्मिला सुवेदी | कन्चनपुर | ३२-०२-७८-०४२६७ |
| ६३ | ऋतु श्रेष्ठ | बारबर्दियाo९-, बर्दिया | ६५-०१-७८-००६६१ |
| ६५ | एलिना कुमारी साह | सर्लाही | १९-०१-८२-०१८२५ |

३. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, ग, स्वयम्भूको लागि सिफारिस गणकहरु

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| ७२ | कर्ण यादव | महोत्तरी | १८२०५०/३३९८ |
| ८३ | खकेन्द्र जैसी | धकारी८-, अछाम | ६९-०१-८०-०४३५६ |
| ८५ | गंगा कुमारी पुलामी मगर | धनुषा | १७११८१९-७३-०१- |
| ८७ | गजल भट्टराई | बर्दिया | ६५-०१-७८-०३२४४ |
| ८८ | गजेन्द्र कुँवर | अछाम | ६९-०१-८१-०३८७६ |
| ९२ | गृष्मी मानन्धर | का२७-.पा.न.म. | २७-०१-७८-०२००२ |
| ९७ | जयदेव पाण्डे | जुम्ला | २७-०१-७७-०३४५२ |
| ९८ | जयन्ती कुमारी | पर्सा३-, सर्लाही | १९-०१-७६-०८८९२ |
| १०३ | जीवन खडायत | शुक्लाफाँटा८-, कन्चनपुर | ७५-०१-७६-०३५८५ |
| १०८ | ज्ञानदीप महतो | सर्लाही | १९-०६-७५-०१८६९ |
| १०९ | झलक थापा | दैलेख | ६३-०१-७५-०१३९३ |
| ११९ | दिपा शर्मा | सिरहा | १५-०१-७९-०३१३८ |
| १२६ | दिलिप यादव | बारा | ३३-०१-७७-०४२०७ |
| १३६ | नम्रता कुमारी शाह | सर्लाही | १९-०१-७५-१३५७० |
| १३७ | नरेन नाथ ऊप्रेती | काठमाडौँ | २७१०६०/९७०६६/४३२३८ |
| १४५ | निशान प्रसाद साह | सर्लाही | १९-०१-७६-०८१३२ |
| १५१ | पवित्रा देवकोटा | कैलाली | ६७-०२-७४-०४८३१ |
| १५८ | पुष्पा कुमारी | रौतहट | ३२-०६-७८-०५७०५ |
| १५९ | पूर्णिमा गिरी | दाङ | ५२-०२-७८-०१९४४ |
| १६१ | प्रज्ञा गौतम | सिरहा | १५-०२-७७-०१७९६ |
| १६७ | प्रतीक्षा बस्नेत | सर्लाही | १९-०२-७८-०२१२६ |
| १६८ | प्रदिप आचार्य | जुम्ला | ६०-०१-७५-०१२२६ |
| १६९ | प्रदीप पण्डित | पर्सा | ३४-०१-७७-०४२४१ |
| १७० | प्रबिना मानन्धर | काठमाडौँ | २७-०१-७२-०१४०६ |
| १७२ | प्रविन नगरकोटी | काठमाडौँ | १०६०/७३२५९ |
| १७४ | प्रिज्मा महर्जन | काठमाडौँ | २७०१७९००६७९ |
| १७८ | बबिता खनाल | धादिङ | २६-०१-७९-०४६९४ |

३. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, ग, स्वयम्भूको लागि सिफारिस गणकहरु

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| १८० | बादल कुमार सिंह | पर्सा | ३४१२४२४-७९-०१- |
| १८१ | बिकाश बहादुर मिजार | बाजुरा | ७०-०१-७६-०१६७६ |
| १८४ | बिनिषा लामिछाने | सोलुखुम्बु | २७-०१-७५-०५९८० |
| १८९ | बिरोध पटेल | बारा | ३३-०६-७८-००१५१ |
| १९४ | भावना रेग्मी | दाङ | ५२-०२-७४-००५९६ |
| १९८ | मदन कुमार साह | सर्लाही | १९-०१-७४-०३३९३ |
| २०५ | मीना लेखक | बैतडी | ७३-०१-७८-००७२१ |
| २०९ | मेलिना सापकोटा | म्याग्दी | ४९-०१-७९-०२५३७ |
| २११ | मोसरत जहाँ | रौतहट | ३२-०१-७८-०२११० |
| २१४ | यमराज भण्डारी | बाँके | ६६-०६-७५-०१७०२ |
| २१५ | युवराज सिंह | महोत्तरी | १८-०१-७८-०१५३७ |
| २१८ | रबि चौहान | पर्सा | ३४-०१-७६-१०६३४ |
| २२० | रमा पाण्डेय | कपिलवस्तु | ३८-०१-८१-०३३८५ |
| २२१ | रवि प्रसाद साह | सर्लाही | १९-०१-७७-२२८११ |
| २३२ | रितिक कुमार यादव | सिरहा | १५-०१-७४-१३६२० |
| २३५ | रीना माझी | सिन्धुपाल्चोक | २४-०१-८०-१०८१४ |
| २३९ | रोजिता पराजुली | काठमाडौँ | २७-०१-७४-०७९२७ |
| २४१ | रोजी महर्जन | काठमाडौँ | २७१०६०/४६०९३ |
| २४५ | रोसनी कुमारी यादव | रौतहट | ३२-०६-८०-०३०९४ |
| २४६ | रोसिका खड्गी | काठमाडौँ | २७०१८२०३३१५ |
| २४९ | रौनक श्रेष्ठ | काठमाडौँ | २७-०१-८०-०००७४ |
| २५७ | विवेक कुमार दास | सर्लाही | १९१०७२/२६३ |
| २७१ | संजिप प्रसाद साह | रौतहट | ३२-०१-७६-१११२३ |
| २७५ | सन्तोश खनाल | रुपन्देही | ३७-०२-८०-०२९४७ |
| २७६ | सन्तोष ताम्राकार | बझाङ | ७१-०१-७४-०३७१२ |
| २७७ | सन्तोष दाहाल | झापा | ०४-०२-७३-०३०३७ |
| २८० | सन्देश न्यौपाने | धादिङ | २६-०१-७९-०९०६२ |

३. जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ, ग, स्वयम्भूको लागि सिफारिस गणकहरु

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| २८१ | सन्देश भण्डारी | गुल्मी | ४१-०१-७७-००९९१ |
| २८२ | सन्शरी माझी | सिन्धुली | २०-०१-७६-०७२९६ |
| २८३ | सबिन चौधरी | सर्लाही | १९-०६-७९-००८९८ |
| २८८ | समीर चौधरी | बारा | ३३-०७-८०-०००० ७ |
| २८९ | सम्झना थापा | काभ्रे | ३०-०१-८२-०५२२६ |
| २९३ | सम्बृद्धि साह | महोत्तरी | १८-०१-७८-०१८६८ |
| २९४ | सरला घिमिरे | ओखलढुङ्गा | १३-०१-८०-०२७२८ |
| २९७ | सरोज सुवेदी | सङ्खुवासभा | १०२०३५-२२१३ |
| २९९ | सर्निषा श्रेष्ठ | काठमाडौँ | २७-०१-८०-०२७९२ |
| ३०१ | सलिना खातुन | पर्सा | ३४-०१-७५-१३४२७ |
| ३०४ | सवाना खातुन | धनुषा | १७-०१-८०-१५०९५ |
| ३०६ | सागर कुमार साह | रौतहट | ३२-०२-७६-०३९८० |
| ३०७ | साजन कुमार साह गोढ | पर्सा | ३४-०१-८०-०९५४३ |
| ३१३ | सिमरन कुमारी साह | धनुषा | १७-०१-७६-०६२०२ |
| ३१५ | सुगन्ध राम श्रेष्ठ | काठमाडौँ | २७१०६०/२२००१ |
| ३२१ | सुधा बिष्ट | अछाम | ६९-०१-७६-००५६५ |
| ३२५ | सुनिता भण्डारी | रामेछाप | २१-०१-८०-०२५५७ |
| ३३० | सुमन कुमार राय | धनुषा | १७-०१-७६-०५९२८ |
| ३३३ | सुरेश यादव | सिरहा | १५-०१-७७-०३८१५ |
| ३३४ | सुशिल श्रेष्ठ | खोटाङ | १२-०१-७७-००५७२ |
| ३४३ | सोनम कुमारी | सर्लाही | १९-०१-७७-१४१०९ |
| ३४८ | सौरव खत्री | दोलखा | २२-०१-८१-०२४२१ |
| ३५१ | स्विकृति भट्टराई | चितवन | ३५-०१-७९-०४३६० |
| ३५२ | हरदेव चौधरी | सर्लाही | १९-०१-७८-०१९६३ |
| ३५४ | हिन यादव | सप्तरी | १६-०२-७७-००६३८ |

### ३.१० गणकसँग करारनामा र नियुक्ति

यस कार्यालयले चैत २५ गते ८७ जना गणकसँग करारनामा गरि चैत २६ गतेदेखि २.५ महिनाको लागि गणक पदमा नियुक्ति गरेर चैत २६ गतेदेखि बानेश्वर क्याम्पसमा सञ्चालन हुने तालिम कार्यक्रममा सहभागी हुन जानकारी प्रदान गरिएको थियो।

### ३.११ गणकको दोस्रो सर्ट लिस्ट प्राप्ति

केही गणकले चैत २५ गते नियुक्ति बुझिसकेपछि, केही गणकले चैत २६ गतेको तालिम लिएपछि र केहीले चैत २७ गते विभिन्न व्यक्तिगत कारण देखाएर गणना कार्यमा समय दिन नसक्ने जनाएपछि राष्ट्रिय तथ्याङ्क कार्यालयसँग अर्को सर्ट लिस्ट माग गरिएको थियो। दोस्रो सर्ट लिस्ट प्राप्त भएपछि सो लिस्टबाट आवश्यकता अनुसार थप गणकहरु नियुक्ति गरिएको थियो।

### ३.१२ वैकल्पिक सूचीका सुपरिवेक्षक नियुक्ति

क र ख कार्यालयमा १-१ जना सुपरिवेक्षकले छोडे पछि वैकल्पिकतर्फ सिफारिस भएका विपिन कोइराला र भास्कर पन्तलाई क्रमश: क र ख कार्यालयमा सिफारिस गरिएको थियो।

### ३.१३ गणकको दोस्रो सर्ट लिस्टबाट गणक नियुक्ति

#### ३.१३.१ गणक तालिमको पहिलो र दोस्रो दिनमा नियुक्ति भएका थप गणक

- अन्जिप वाइवा
- सुवास दमाई
- रोशनराम वि.क.

#### ३.१३.२ काम नगरेका गणकको सट्टामा बैशाख ११ गतेदेखि दुई महिनाको करारमा नियुक्ति भएका

- प्रिति कुमारी राय
- विपिन साह शंकर
- आशिष पौडेल
- लवदेव भट्ट

३.१३.३ वडा नम्बर २९ मा काम नगरेका गणकको सट्टामा ४५ दिनको लागि नियुक्त नयाँ गणक

- कविता चौधरी

**३.१३.४ जेठ ११ गतेदेखि एक महिनाको लागि नियुक्ति भएका गणकहरु**

- भविलाल भुसाल
- दीर्ख बहादुर रोकाया
- अमलेश कुमार यादव

**३.१३.५ कामबाट बर्खास्त गरिएका सुपरिवेक्षक तथा गणकहरु**

- सुपरिवेक्षक गितान्जली साह : वडा नम्बर ३१ को सुपरिवेक्षकमा खटिएको तर जेठ २६ पश्चात घरायसी कारणले काममा निरन्तरता नदिएकोले २ महिनाको तलब पाउने गरि कामबाट हटाइएको;
- निर्मल ढकाल : वडा नम्बर १४ को लागि गणकमा नियुक्त भएको तर तालिम कार्यक्रममै निरन्तरता निदिएकोले तलब नपाउने गरि कामबाट हटाइएको;
- अन्जिप वाइवा : वडा नम्बर १४ को लागि गणकमा नियुक्त भएको तर तालिम कार्यक्रममै निरन्तरता नदिएकोले तलब नपाउने गरि कामबाट हटाइएको;
- पवित्रा भाट : चाबहिल कार्यालयबाट गणक आदानप्रदानमार्फत आएको तर बैशाख १० गतेसम्म पनि गणना कार्यमा निरन्तरता नदिएकोले तलब नपाउने गरि कामबाट हटाइएको;
- कुश कुमार पण्डित : वडा नम्बर ३१ मा गणकमा काम गर्न खटिएको तर फिल्डमा काम शुरु नै नगरेकोले तलब नपाउने गरि कामबाट हटाइएको;
- नीह कुमारी राय : वडा नम्बर ३१ मा गणकमा खटिएको तर फिल्डमा १-२ दिन काम शुरु गरे पनि काममा निरन्तरता नदिएकोले तलब नपाउने गरि कामबाट हटाइएको;
- अंकित साह : वडा नम्बर ३२ मा गणकमा खटिएको तर बैशाख २६ पश्चात काम नगरेकोले १ महिनाको तलब पाउने गरि कामबाट हटाइएको;
- पुष्कर राज जोशी : वडा नम्बर २९ मा गणकमा खटिएको तर बैशाखमसान्त पश्चात काम नगरेकोले १ महिनाको तलब पाउने गरि कामबाट हटाइएको;

**खण्ड –४**

# सुपरिवेक्षक गणक तालिम

## ४.१. तालिम बजेट र लागत अनुमान

जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ क को स्वीकृत बजेट अनुसार सुपरिवेक्षक तथा गणकस्तरीय ५ दिने तालिम कार्यक्रमको लागि जम्मा रु. बजेट विनियोजन भएको र सो रकमबाट सहभागीलाई जनही दैनिक रु. ६००/- तथा फिल्डमा खटिने सुपरिवेक्षक/गणक सबैलाई सञ्चार खर्च वापत जनही रु. १०००/- भुक्तानी गर्नु पर्ने भएकोले सोही बमोजिम तालिमको लागत अनुमान स्वीकृत भएको थियो। उक्त लागत अनुमान अनुसूची १ मा दिइएको छ।

## ४.२. तालिम कार्यतालिका

२०८२/१२/२६ गते विहिबारदेखि २०८२/१२/३० गतेसम्म सञ्चालित ५ दिने उक्त तालिम कार्यक्रमको कार्यतालिका अनुसूची २ मा राखिएको छ। उक्त तालिम २८ गते शनिबार र २९ गते आइतबारका सार्वजनिक विदाका दिन पनि सञ्चालन भएको थियो। आधारभूतरुपले आर्थिक गणना शाखाबाट शेयर गरिएको कार्यतालिका अनुसरण गरिएको थियो।

## ४.३. तालिम भेन्यू र कक्षा सङ्ख्या

यस तालिम बानेश्वर क्याम्पसको पहिलो तलामा आयोजना गरिएको थियो। तालिम अवधिमा सो क्याम्पसमा स्नातक र स्नातकोत्तर तहको परीक्षा सञ्चालन हुने भएकोले चैत्र १० गते नै सम्पर्क एवम् पत्राचार गरेर तालिम कक्ष बुक गरिएको थियो। पहिलो तलाका २०१, २०२, २०३ र २०८ नम्बरका कक्षाहरु यस तालिममा प्रयोग भएका थिए। सबै कक्षामा प्रोजेक्टर र ह्वाइट बोर्ड जडान भएका थिए। चार वटा कक्षाको एक दिनको भाडा रु.५०००/- निर्धारण गरिएको थियो।

आर्थिक गणनाको आर्थिक तथा प्रशासनिक मापदण्ड अनुसार २५ जना सहभागीलाई एक वटा कक्षामा राख्न सकिने भएकोले ११ सुपरिवेक्षक, ८६ गणक र १३ जना अन्य सहभागी सहित जम्मा ११० जना सहभागीलाई चार कक्षामा विभाजन गरेर प्रशिक्षण प्रदान गरिएको थियो।

## ४.४. प्रशिक्षक, संयोजक र सहयोगी व्यवस्थापन

यस तालिममा जिल्ला आर्थिक गणना अधिकारी लोक बहादुर खत्री, सहायक आर्थिक गणना अधिकारी र सुपरिवेक्षक तथा गणक अन्तर्वार्तामा तथ्याङ्क विज्ञको रुपमा जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट आमन्त्रित केन्द्रीय प्रतिनिधिले शुरुका ३ दिन लगातार एउटै कक्षामा ४-४ वटा सेसन लिनु भएको थियो भने चौँथो कक्षामा राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी श्री ढूण्डीराज लामिछाने र तथ्याङ्क समन्वय कार्यालय काठमाडौँका सुपरिवेक्षकद्धय बन्दना पौडयाल र नरदेवी काफ्लेले स्रोत व्यक्तिको रुपमा कक्षा सञ्चालनमा सहजीकरण गर्नुभएको थियो। जिल्ला आर्थिक गणना कार्यालयका ना.सु. र खरिदार तहका कर्मचारीले संयोजकको भूमिका निर्वाह गरेका थिए। बानेश्वर क्याम्पसका कार्यालय सहयोगीले समेत तालिममा सहयोग पुर्‍याएका थिए। यस ५ दिने तालिम कार्यक्रमका प्रशिक्षक, संयोजक र सहयोगीको विवरण र उनीहरुलाई भुक्तानी हुने रकमको विवरण क्रमश: अनुसूची ३ र अनुसूची ४ मा प्रस्तुत गरिएको छ।

## ४.६. तालिम कार्यक्रममा सहभागीहरुको सङ्ख्यात्मक उपस्थिति

यस पाँच दिने तालिम कार्यक्रममा शुरुका २ दिन र अन्तिम दिन प्रशिक्षकको रुपमा उपप्रमुख तथ्याङ्क अधिकारी श्री ढुण्डिराज लामिछाने सरको सहभागिता रहेको थियो भने चैत्र २९ गते राष्ट्रिय तथ्याङ्क कार्यालयबाट तथ्याङ्क अधिकृतद्धय टिकाराम महतो र विष्णुराज रेग्मीले सबै कक्षाहरुका १-१ वटा कक्षा लिनु भएको थियो। पछिल्ला दुई दिन सहायक प्रमुख जिल्ला अधिकारी श्री मुक्तिराम रिजालज्यू पनि तालिमको अनुगमन एवम् प्रशिक्षण कार्यमा सहभागी हुन आउनु भएको थियो। प्रशिक्षकको भूमिकामा जम्मा १२ जना, संयोजकमा जम्मा ६ जना परिचालन भएका थिए। पाँच दिने उक्त तालिममा विभिन्न भूमिकामा औषतमा दैनिक १२१ जना व्यक्ति सहभागी भएका थिए। सहभागी हुनेहरुको सङ्ख्यात्मक विवरण सालाखालामा तल तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | गते | सुपरिवेक्षक | गणक | अन्य सहभागी | प्रशिक्षक | संयोजक | सहयोगी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | चैत्र २६ | ११ | ८६ | १३ | ४ | ४ | ४ | १२२ |
| २ | चैत्र २७ | ११ | ८६ | १३ | ४ | ४ | ४ | १२२ |
| ३ | चैत्र २८ | ११ | ८६ | १३ | ४ | ४ | ४ | १२२ |
| ४ | चैत्र २९ | ११ | ८६ | १३ | ४ | ४ | ४ | १२२ |
| ५ | चैत्र ३० | ११ | ८२ | १३ | ३ | ४ | ४ | ११७ |

उक्त तालिममा तथ्याङ्क समन्वय कार्यालयमा निजी स्वास्थ्य सर्वेक्षण, स्थल यातायात सर्वेक्षण र व्यावसायिक तरकारीबाली सर्वेक्षणमा करारको गणक पदमा नियुक्त भएका क्रमश: ६ जना, ५ जना र २ जना गरी जम्मा १३ जना अन्य सहभागीकोरुपमा उपस्थित रहेका थिए। तथ्याङ्क समन्वय कार्यालय काठमाडौँ आफैमा जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ क को भूमिकामा समेत रहेको र ती गणकले आर्थिक गणनाको बारेमा प्रशिक्षण प्राप्त गर्दा आर्थिक गणनाको प्रचार गर्न सक्ने, वैकल्पिक गणकको रुपमा काम गर्न सक्ने, आफुले काम गर्ने स्थानमा आर्थिक गणनाको प्रश्नावली भर्न सक्ने वा सो स्थानमा खटिएको गणकलाई सहयोग गर्न सक्ने लगायतका धेरै प्रकारका लाभ हुन सक्ने भएकोले सो ५ दिने तालिममा सहभागी गराइएको थियो।

## ४.७. चिया- खाजा आपूर्ति

दैनिक ११:३० बजे चिया र १:०० बजे खाजा आपूर्ति गर्ने जिम्मा ग्रिन लिफ रेष्टुरेण्ट प्रा.लि.लाई लगाइएको थियो। सो संस्थाले दैनिक २५ वटा शाकाहारी खाजा सहित औषतमा दैनिक १२१ वटा खाजाको पाकेट डेलिभरि गरेको थियो। अन्तिम दिन चैत्र ३० गते एकादशी तिथी परेको पूर्वज्ञान भएन। सो दिन करिब १०० पाकेट मासु पुलाउको पाकेट आएको थियो। धेरै मधेशी मुलका सहभागीले एकादशीमा मासुको सन्न गन्न प्रति रोश प्रकट गरेका थिए। यद्यपि समग्रमा खाजाको गुणस्तर राम्रो थियो। आपूर्तिकर्तासँग भ्याट तथा डेलिभरि चार्ज सहित रु. २५/- को चिया र रु. २७५/- को खाजा प्रदान गर्ने समझदारी गरिएको थियो।

## ४.८. पानी आपूर्ति र सरसफाइ

तालिम अवधिभरको लागि पानी खुवाउन जारको पानी र मिनरल वाटरका बोतल दुवै पर्याप्त सङ्ख्यामा खरिद भएको थियो। कार्यालय सहयोगीले पानी आपूर्ति र सरसफाइमा प्रशंसनीय काम गरेका थिए। बानेश्वर क्याम्पसको सफाइ कर्मचारीले कक्षा कोठा, करिडोर र चर्पी दैनिक/नियमित सरसफाइ गरेका थिए।

## ४.९. झोला, छाता खरिद तथा वितरण

गणना सामग्रीको बजेटबाट झोला खरिद गर्न कार्यालयमा सूचीकृत भएका एच.क्यू ब्याग प्रोडक्ट, कोबियु ब्याग प्रोडक्ट र युएनए ब्याग प्रोडक्ट गरी ३ वटा आपूर्तिकर्तासँग कोटेसन माग्दा न्यूरोडको कोबियु ब्याग प्रोडक्टले भ्याट बाहेक प्रति व्याग रु. १०६४/- मा दिने प्रस्ताव गरेकोले सो कम्पनीसँग ब्याग खरिद गरिएको थियो। ब्याग चार रङ्गका थिए। डिल्लीबजारको सामर्थ्य इन्टरप्राइजेजसँग भ्याट सहित रु.४१५/- मूल्यको चेक छाता खरिद गरिएको

थियो। ब्याग र छाताको गुणस्तर सन्तोषजनक थियो। यी सामान चैत्र ३० गते सबै गणक तथा सुपरिवेक्षकलाई वितरण गरिएको थियो।

### ४.१०. वडा सिमानाको नक्सा छपाई

गणना क्षेत्र नक्सा हेर्ने पोर्टल https://gis.nsonepal.gov.np र गणना क्षेत्र नक्सामा दिइएको प्लस कोडको सहायताले मात्र गणना क्षेत्र यकिन गर्न कठिनाइ हुने अनुभव गरेर यस कार्यालयको कार्यक्षेत्रका ११ वटा वडाका २-२ प्रति फ्लेक्स प्रिन्ट गरेर सबै सुपरिवेक्षक र गणकलाई वडा सिमाना बारे स्पष्ट पारिएको थियो।

### ४.११. अन्य सामग्री वितरण

सुपरिवेक्षक तथा गणकलाई झोलामा निम्न सामान राखेर वितरण गरिएको थियो :

- ३०० प्रति प्रश्नावली
- ६० पाना सूचीकरण फाराम
- ५ पाकेट स्टिकर
- टोपी
- एक एक वटा ब्याच
- परिचय पत्र
- गणना क्षेत्रको नक्सा
- ईसेन्ससको युजर नेम र पासवर्ड एक पाना
- २ वटा मार्कर पेन
- १२ वटा निलो डटपेन
- १० वटा रेकर्ड फाइल र फिता
- २००-३०० प्रति पर्चा
- ५० प्रति अनुरोध पत्र
- ५० पाना ईसेन्सस पर्चा र

- सुपरिवेक्षकलाई वडा नक्साको फ्लेक्स प्रिन्ट

### ४.१२. स्वयम्भू कार्यालयसँग गणक आदानप्रदान

चैत्र २५ गते स्वयम्भू सिफारिस भएकी वडा नम्बर ३२ निवासी रोजिता पोखरेल आफू ख कार्यालय नजाने भनेर सम्पर्क गरिन। केही बेरमा वडा नम्बर २७ निवासी सुशिला पाण्डे मैनालीले पनि तालिममा सहभागी हुन नसक्ने बताइन। सोही दिन पत्रमार्फत १-१ जना गणक क र ग कार्यालयबीच आदान प्रदान गरेर नयाँ आउनेसँग करारनामा गरियो।

### ४.१३. चाबहिल कार्यालयसँग गणक आदानप्रदान

काठमाडौँ क मा वडा नम्बर २६ निवासी ७ जना गणकले तालिम लिइरहेका थिए तर उनीहरु क कार्यालयको कार्यक्षेत्रमा काम गर्न अनिच्छुक थिए। त्यसैगरी चाबहिलको ख कार्यालयमा सिफारिस भएकी १ जना गणक (पल्सा महर्जन) चैत्र २६ गतेदेखि बानेश्वर क्याम्पसमा सञ्चालित तालिममा सहभागी भइरहेकी थिइन। उता चाबहिल तर्फबाट थप ६ जना गणक अपायक क्षेत्रमा सिफारिस भएकोले काम छाडने बताउँदै आएका थिए। शुरुदेखि तालिममा बसेकी गणकले चाबहिल तर्फ नजाने सन्देश पठाएपछि यस कार्यालयबाट नियक्ति दिइयो भने वडा नम्बर २६ का ७ जना गणक चाबहिल पठाएर त्यहाँबाट ३० गते ६ जना गणक यस कार्यालयमा माग गरेर उनीहरुलाई कार्यादेश तथा कार्यक्षेत्र निर्धारण गरियो। यसरी आएका गणकलाई बैशाख २ गते कार्यालयमा बोलाएर नक्सा, नयाँ NSIC र दैनिक रिपोर्टिङ बारे पुन: अभिमुखीकरण गरेर सम्बन्धित सुपरिवेक्षकसँग सम्पर्क गराइएको थियो।

### ४.१४. वैकल्पिक सुपरिवेक्षक व्यवस्थापन र सुपरिवेक्षक खटनपटन

नियुक्ति लिएर सामान्य अभिमुखीकरण लिएको सुपरिवेक्षक चेतन खनालेले चैत्र २५ गतेका दिन कार्यालयमा आएर सुपरिवेक्षक पदमा काम नगर्न लिखित निवेदन दिएका थिए। निजको स्थानमा पहिलो वैकल्पिक उम्मेदवार विपिन कोइरालालाई सम्पर्क गरी सुपरिवेक्षकको करारनामा गरिएको थियो।

जिल्ला आर्थिक गणना कार्यालय काठमाडौँ ख मा पनि एक जना सुपरिवेक्षक सेबी खातुन बढइनले १-२ दिन तालिम लिएर काम नगर्ने जानकारी दिएकी हुनाले दोस्रो बैकल्पिक सुपरिवेक्षक भास्कर पन्तलाई सिफारिस गरिएको थियो।

### ४.१५. गणक खटनपटन र तालिम भेन्युमा अफिस रुम

बानेश्वर क्याम्पसको एउटा खाली कोठालाई अफिस रुप बनाइएको थियो। सुपरिवेक्षकहरुले गणकलाई गणना क्षेत्र निर्धारण गर्न आफै सक्रिय भएका थिए। वडा नम्बर १४ मा ३ जना गणक खटाउने काम बाहेक सबै खटनपटन चैत्र ३० गते तालिम भेन्यूबाट फर्कँदा सम्पन्न भएको थियो।

### ४.१६. करारनामा गरेर, तालिम लिएर छाडने गणक

यस पटकको आर्थिक गणनाको तालिममा पहिलो दिन आएर छोडने, दुई दिन तालिम लिएर छाडने, अर्को कार्यालयमा सिफारिस भएको गणक यस कार्यालयले सञ्चालन गरेको तालिममा बस्ने, नियुक्ति/करारनामा गरेर तालिममा बसे पनि हाँजिर नगर्ने लगायत पृथक संस्कृतिका तर अपवादस्वरुप १-१ जनाको सङ्ख्याका गणकको सहभागिता रहेको थियो।

### ४.१७. दोस्रो सर्ट लिस्ट माग र थप गणक नियुक्ति

यस कार्यालयलाई ८९ जना गणकको दरबन्दी प्राप्त भएपनि चैत्र २४ गतेको सिफारिस बमोजिम चैत्र २५ गतेसम्म जम्मा ८७ जना गणकसँग मात्र करारनामा सम्पन्न भएको थियो। सुपरिवेक्षकमा त वैकल्पिक थिए तर गणकमा वैकल्पिक उम्मेदवार थिएनन्। दरबन्दी भन्दा शुरुमै २ जना कम सङ्ख्यामा गणक सिफारिस भएका थिए। यद्यपि तालिममा ११ सुपरिवेक्षक र ८७ गणकको सहभागिता रहने अनुमान थियो। तर १-२ जना पहिलो दिनको तालिममा सहभागी भएनन्। उनीहरुलाई पछि सम्पर्क गरियो।चैत्र २६ र २७ गतेका तालिम लिएपछि अबदेखि तालिममा नआउने तथा गणकको काम नगर्ने जानकारी आउन थाल्यो। त्यसपछि राष्ट्रिय तथ्याङ्क कार्यालयमा सम्पर्क गरेर काठमाडौँ महानगरपालिकाका गणकको कार्यालयपिच्छै अलग अलग नयाँ सर्टलिस्ट पठाउन र आपतकालिन गणक व्यवस्थापन गर्ने अधिकार प्रदान गर्न अनुरोध गरियो। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट ३५-३५ जनाको नयाँ सर्टलिस्ट मात्र आयो। सो सर्टलिस्टबाट क कार्यालयको लागि २ जना, ख कार्यालयको लागि ६ जना र ग कार्यालयको लागि ९ जना गणक सिफारिस गरिएको थियो। क कार्यालयमा नयाँ नियुक्ति लिएको एक जनाले भोलीपल्टै नआउने मेसेज पठाएकोले निजको स्थानमा अर्को गणक नियुक्ति गरिएको थियो भने ग कार्यालयमा सिफारिस भएका मध्ये २ जनाले काममा निरन्तरता नदिने बताएकोले पुन: २ जना गणक सिफारिस गरिएको थियो।

निम्न ४ जना गणकले यो काम नगर्ने र उनीहरुको स्थानमा कार्यालयले अरुलाई नियुक्ति गर्दा कुनै आपत्ति नजनाउने मेसेज पठाएका थिए:-

- अजय कुमार राम
- सन्दिप काफ्ले
- विभुषा सापकोटा
- सेजल श्रेष्ठ

गणक निर्मल ढकाल एक दिन हाजिर भएपछि जानकारी नदिई लगातार अनुपस्थित भएका थिए। उसले गणकको काममा निरन्तरता दिने नदिने बारे कुनै जानकारी प्राप्त भइनसकेको अवस्था छ।

छाडेका गणकको स्थानमा नियुक्त गरेका गणक अन्जिप वाईवा एक दिन उपस्थित भई तालिम लिएपछि भोलीपल्टदेखि नआउने खबर गरेका थिए। तर सुवास दमाई र रोशन राम वि.क. नियुक्ति पश्चात लगातार तालिममा सहभागी भएका थिए। यी सबै १९ वर्षका युवा थिए।

## ४.१८. आर्थिक गणनाको पर्चा छपाई तथा वितरण

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आर्थिक गणनाको पँहेलो पर्चा जम्मा २०० प्रति पठाएको थियो। सँगै निजी सञ्चार माध्यममार्फत विज्ञापन नगर्ने परिपत्र पनि आएको थियो। त्यसैले बीस हजार प्रति पर्चा छपाइ गरेर हरेक गणकलाई २००-३०० पर्चा वितरण गरेर चैत्र ३० गते तालिम समापन हुनुपूर्व आर्थिक गणनाको प्रचारप्रसार आफै गर्न अनुरोध गरिएको थियो।

## ४.१९. सरकारी विद्यालय र स्वास्थ्य संस्थाको अतिरिक्त NSIC सम्बन्धी निर्देशन

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आर्थिक गणनामा प्रयोग हुने NSIC सम्बन्धी प्राप्त पछिल्लो निर्देशन बमोजिम व्यवस्थापन समितितर्फको निजीस्रोतको आम्दानी खर्च समावेश गर्ने सरकारी विद्यालय र स्वास्थ्य संस्थाको नयाँ NSIC बारे अन्तिम दिन सबै सहभागीलाई नोट गराइएको थियो।

## ४.२०. तालिम समापन तथा धन्यवाद आदानप्रदान कार्यक्रम

बानेश्वर क्याम्पसको सिरानको तलामा सभाहल रहेछ। सो हलमा चैत २९ गते भोजपुर जिल्लाबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने सांसदहरुलाई शुभकामना प्रदान गर्ने कार्यक्रम आयोजना भएको थियो। तर सो दिन क्याम्पस प्रशासनका कर्मचारीहरुसँग भौतिकरुपमा भेट हुन पाएन। भेन्यू पक्का नभएकोले चैत्र ३० गतेको समापनमा विशिष्ट अतिथिलाई आमन्त्रण गरिएको थिएन। अन्तिम कक्षा सम्पन्न हुँदासम्म आलोपालो गरी झोला, छाता र अन्य सामान बुझाउने काम पनि अन्तिम चरणमा पुगेको थियो। त्यसैले सबै सहभागीलाई सभाहलमा आउन अपिल

गरियो। समापन कार्यक्रम बन्दना पौडयालले सञ्चालन गर्नु भएको थियो। सो कार्यक्रममा अस्मिता पवनले धन्यवाद र भोलीदेखि आउने नयाँ वर्ष २०८३ को शुभकामना प्रदान गर्नु भयो। बेदना गौली र सुशिला कटुवालले क्रमश: कविता र चुटकिला सुनाउनु भयो। सुपरिवेक्षकका तर्फबाट अन्जु मरासिनी, अमित कुमार यादव र अंकुर शंकर कर्मचार्यले धन्यवाद एवम् शुभकामना मन्तव्य दिनु भयो। गणक सहभागीका तर्फबाट रंजन कुमार यादव, प्रकाश वली, निशा साउद र अरविन्द कुमार सिंहले तालिम कार्यक्रम र सामग्रीको संक्षिप्त टिप्पणी दिनु भयो। अन्तमा जिल्ला आर्थिक गणना अधिकारी श्री लोक बहादुर खत्रीले नयाँ वर्षको शुभकामना एवम् मनतव्य सहित कार्यक्रम समापन गर्नुभयो।

## ४.२१. उपसंहार

थोरै सङ्ख्याको जनशक्तिबाट पनि धेरै काम गर्न सम्भव छ। आर्थिक गणनाको तालिम र सुपरिवेक्षक तथा गणकको खटनपटन कार्य प्राविधिक भन्दा अधिक प्रशासनिक प्रकृतिको थियो। यस तालिममा धेरै जना बाह्य प्रशिक्षक आमन्त्रण गरेर सेसन पिच्छे स्रोत व्यक्ति परिवर्तन गर्दा हुन सक्ने दुविधा, विरोधाभास र समयको अव्यवस्थापन शून्य थियो। हरेक कक्षामा सेसनहरु स्वचालितरुपमा चलेका थिए। विद्युत अवरोध कुनै पनि दिन भएन। बानेश्वर क्याम्पसको एउटा खाली कोठालाई अफिस रुप बनाइएको थियो। सुपरिवेक्षकहरुले गणकलाई गणना क्षेत्र निर्धारण गर्न आफै सक्रिय भएका थिए। अब झोला, छाता, स्टेशनरी, हलभाडा, पानी, चिया र खाजा खर्चको रकम भुक्तानी गर्न बाँकी छ।

यस कार्यालयलाई तालिमतर्फ रु. ६ लाख २२ हजार रकम विनियोजन भएकोमा सो रकमबाट सबै सहभागीलाई दैनिक रु. ६००/- का दरले जनही रु.३०००/- भुक्तानी गर्न अपुग हुने भएकोले उनीहरुलाई सञ्चार खर्च वापतको रु. १०००/- र अपुग सहभागी खर्च गणना सामग्रीतर्फ बच्ने रकमबाट खर्च लेख्नुपर्ने अवस्था रहेको छ।

# अनुसूची ४.१ : सुपरिवेक्षक तथा गणक तालिम कार्यक्रम

| गते | सत्र | समय | शिर्षक | प्रमुख विषयवस्तु |
|---|---|---|---|---|
| पहिलो दिन | प्रथम | १०:१५ - ११:४५ | **आर्थिक गणनाको परिचय, उद्देश्य, महत्व, क्षेत्र र दायरा** | परिचय; उद्देश्य र महत्व ; गणनाको क्षेत्र र दायरा (समेटिने र नसमेटिने); संक्षिप्त कार्यतालिका; गणना अवधि, गणनामा प्रयोग गरिने फाराम, , कानूनी आधार, तथ्यांक संकलन र गोपनियता, गणना संगठनिक ढांचा (रातका, जिल्ला आर्थिक गणना कार्यालय), समन्वय र सहजीकरण |
| | दोस्रो | ११:५० - ०१:२० | **सुपरिवेक्षक र गणकको काम, कर्तव्य र जिम्मेवारी** | भाग २: गणकको काम, कर्तव्य र जिम्मेवारी; भाग ३: सुपरिक्षकको काम, कर्तव्य र जिम्मेवारी; सेवा सुविधा र कारवाहीका प्रावधान; गणना सामग्री *(गणकले गर्नुपर्ने कार्यहरुको विवरण, गणनाक्षेत्र पहिचान सुपरिवेक्षकले गर्नुपर्ने कार्यहरूको विवरण (प्रक्रियागत), सुपरिवेक्षकले कागजात जाँच गर्ने विधि, पेसागत आचरण; कार्य सम्पादन, गणकले साथमा लैजानु पर्ने गणना सामग्रीहरु, गणना क्षेत्र वडा भित्र प्रतिष्ठान/व्यवसायको खोजी; गणकले भर्नु पर्ने फारामहरु, प्रश्नावली भर्ने गणना योजना तयारी,)* |
| | तेस्रो | ०१:५५ - ०३:२५ | **अवधारणा तथा परिभाषा** | परिचय, आर्थिक क्रियाकलाप, प्राङ्गण, इन्टरप्राइज; प्रतिष्ठानको परिभाषा, प्रतिष्ठानको प्रकार, उदाहरणहरू; हाट बजार, घुमन्ते प्रकृतिका स्वरोजगार व्यवसायहरू; गणनामा समावेश हुने र नहुने प्रतिष्ठानहरू, प्रतिष्ठान पहिचान गर्ने तथा छुट्याउने आधारभूत नियम, प्रतिष्ठानहरूको विशिष्ट अवस्थाहरू सम्बन्धी प्रश्न र उत्तर; प्रतिष्ठानको गणना सञ्चालन विधि तथा सम्झिनुपर्ने कुराहरू; एउटै प्रतिष्ठानले एकभन्दा बढी आर्थिक क्रियाकलापहरू सञ्चालन गरेको भए गणनामा के गर्ने ?प्रतिष्ठानको स्वरूप |
| | चौथो | ०३:३० - ०५:०० | **प्लस कोड तथा गणना क्षेत्र नक्शा प्रयोग गर्ने तरिका** | प्लस कोड र यो प्राप्त गर्ने विधि; नक्शाका प्रकार; गणना क्षेत्र नक्शाको उद्देश्य; गणना क्षेत्र नक्शा प्रयोग गर्ने तरिका; नक्शामा हुने आधारभूत विवरण ; गणना क्षेत्र (EA) पहिचान गर्ने विधि; प्लस कोड तथा गणना नक्सा प्रयोग गर्ने अभ्यास / फिल्ड अभ्यास |
| दोस्रो दिन | प्रथम | १०:१५ - ११:४५ | **सूचीकरण फाराम, मुख्य प्रश्नावली खण्ड 1** | गणना क्षेत्र नक्साको फिल्डको छलफला, सूचीकरण फाराम भर्ने तरिका; मुख्य प्रश्नावलीको आवरण पृष्ठमा भर्नु पर्ने विवरण ; मुख्य प्रश्नावली खण्ड १: प्रतिष्ठान/व्यवसाय रहेको भौगोलिक क्षेत्र तथा सम्पर्क विवरण |
| | दोस्रो | ११:५० - ०१:२० | **मुख्य प्रश्नावलीको खण्ड 2: प्रतिष्ठान/व्यवसायको विवरण** | EI1: प्रतिष्ठान/व्यवसायको नाम (नेपालीमा); EI2:प्रतिष्ठान/व्यवसायको नाम (अङ्ग्रेजीमा); नेपालस्तरिय औद्योगिक वर्गीकरण संक्षिप्त पुस्तिका; EI3: प्रतिष्ठान/व्यवसायको प्रमुख आर्थिक क्रियाकलाप; प्रश्न -उत्तर |
| | तेस्रो | ०१:५५ - ०३:२५ | **मुख्य प्रश्नावलीको खण्ड 2: नेपाल स्तरीय औद्योगिक वर्गीकरण NSIC को खण्ड A देखि G** | नेपाल स्तरीय औद्योगिक वर्गीकरण संरचना; प्रत्येक खण्डका आर्थिक क्रियाकलाप खण्ड (A- G) |
| | चौथो | ०३:३० - ०५:०० | NSIC (A- G) अभ्यास | NSIC (A- G) अभ्यास |
| तेस्रो दिन | प्रथम | १०:१५ - ११:४५ | **मुख्य प्रश्नावलीको खण्ड 2: नेपाल स्तरीय औद्योगिक वर्गीकरण NSIC को खण्ड H देखि S** | प्रत्येक खण्डका आर्थिक क्रियाकलाप खण्ड (H- S)<br>NSIC अभ्यास (H- S) |
| | दोस्रो | ११:५० - ०१:२० | **मुख्य प्रश्नावलीको खण्ड ३ र खण्ड ४** | NSIC पुनरावलोकन<br>खण्ड 3: दर्ता तथा वैधानिक स्थितिसम्बन्धी विवरण<br>खण्ड 4: प्रतिष्ठान/व्यवसाय धनी र व्यवस्थापकको विवरण |
| | तेस्रो | ०१:५५ - ०३:२५ | **मुख्य प्रश्नावलीको खण्ड ५, ६, र ७** | खण्ड 5: प्रतिष्ठान/व्यवसायको संस्थागत क्षेत्र ; खण्ड 6: प्रतिष्ठान/व्यवसायको साङ्गठनिक अवस्था ; खण्ड ७: मुख्य कार्यालय |
| | चौथो | ०३:३० - ०५:०० | **मुख्य प्रश्नावलीको खण्ड ८** | खण्ड ८: सन्दर्भ दिनमा यस प्रतिष्ठान/व्यवसायमा संलग्न व्यक्तिहरूको विवरण र उदाहरणहरु |
| चौथो दिन | प्रथम | १०:१५ - ११:४५ | **मुख्य प्रश्नावलीको खण्ड ९ र १०** | खण्ड ९: प्रतिष्ठान/व्यवसाय सञ्चालन विवरण; खण्ड 10: प्रतिष्ठान/व्यवसाय सञ्चालन भएको मुख्य भवन र जमिनको स्वामित्व |
| | दोस्रो | ११:५० - ०१:२० | **मुख्य प्रश्नावलीको खण्ड ११ र १२** | खण्ड ११: प्रतिष्ठान/व्यवसायको लेखा/स्रेस्ता तथा बीमासम्बन्धी व्यवस्था; खण्ड १२: आर्थिक वर्ष २०८१/८२ को वार्षिक सञ्चालन खर्च र बिक्री |
| | तेस्रो | ०१:५५ - ०३:२५ | **मुख्य प्रश्नावलीको खण्ड १३, १४, र १५** | खण्ड 13 : पुँजी लगानी तथा ऋणसम्बन्धी विवरण; खण्ड 14 : प्रतिष्ठान/व्यवसायका समस्या र सुझावहरु ; खण्ड 15 : जवाफ दिने (प्रतिष्ठान/व्यवसाय धनी वा अन्य सम्बन्धित) व्यक्तिको विवरण |
| | चौथो | ०३:३० - ०५:०० | **NSIC क्वीज, वेबपेज, मोक** | NSIC क्वीज, मोक |
| पाँचौ दिन | प्रथम | १०:१५ - ११:४५ | **तालिम अभ्यास** | व्यवसायिक वृत्तान्त (Business Case History) को आधारमा राष्ट्रिय आर्थिक गणना, २०८२ को सूचीकरण फाराम तथा मुख्य प्रश्नावली फाराम भर्नुहोस्। |
| | दोस्रो | ११:५० - ०१:२० | **सामञ्जश्यता जाँच, भर्नु पर्ने फाराम र गणना सामग्री व्यवस्थापन** | सामञ्जस्यता जाँच, गणना सामग्री व्यवस्थापन, Daily Reporting System |
| | तेस्रो | ०१:५५ - ०३:२५ | **इ-सेन्सस भर्ने तरीका** | इ-सेन्सस प्रणाली प्रयोग गर्ने तरिका;इ-सेन्सस कक्षागत अभ्यास Web Page; |
| | चौथो | ०३:३० - ०५:०० | **पुनरावलोकन तथा परीक्षा** | गणना पुस्तिकामा रहेका अनुसूची, पुनरावलोकन र कक्षा अभ्यास |

## अनुसूची ४.२

## आर्थिक गणना तालिमको लागत अनुमान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **१** | **प्रशिक्षक, संयोजक, प्रतिवेदक र सहयोगीको पारिश्रमिक** | | | | | | | |
| | | कक्षा | सेसन | दिन | जम्मा परिमाण | दर रू. | जम्मा रू. | कैफियत |
| | प्रशिक्षक आन्तरिक | ४ | २ | ५ | ४० | ८०० | ३२००० | |
| | प्रशिक्षक बाहिरी | ४ | २ | ५ | ३० | १५०० | ४५००० | |
| | संयोजक | ४ | | ५ | २० | ४०० | ८००० | |
| | प्रतिवेदक | ४ | | ५ | १ | १००० | १००० | |
| | सहयोगी | ४ | | ५ | २० | २०० | ४००० | |
| | जम्मा | | | | | | ९०००० | |
| **२** | **खाजा** | | | | | | | |
| | | | | दिन | जम्मा परिमाण | दर रू. | जम्मा रू. | कैफियत |
| | सहभागी गणक | | | ५ | ८९ | ३०० | १३३५०० | |
| | सहभागी सुपरिवेक्षक | | | ५ | ११ | ३०० | १६५०० | |
| | अन्य सहभागी | | | ५ | १३ | ३०० | १९५०० | |
| | प्रशिक्षक | | | ५ | ४ | ३०० | ६००० | |
| | संयोजक | | | ५ | ४ | ३०० | ६००० | |
| | प्रतिवेदक | | | ५ | ० | ३०० | ० | |
| | सहयोगी | | | ५ | ४ | ३०० | ६००० | |
| | जम्मा | | | | १२५ | | १८७५०० | |
| **३** | **मसलन्द** | | | | | | | |
| | | | | | जम्मा परिमाण | दर रू. | जम्मा रू. | कैफियत |
| | सहभागी गणक | | | | ८९ | ५० | ४४५० | |
| | सहभागी सुपरिवेक्षक | | | | ११ | ५० | ५५० | |
| | अन्य सहभागी | | | | १३ | ५० | ६५० | |
| | जम्मा | | | | ११३ | | ५६५० | |
| **४** | **हल भाडा र विविध** | | | | | | | |
| | | कक्षाकोठा | | दिन | जम्मा परिमाण | दर रू. | जम्मा रू. | कैफियत |
| | विविध | | | | १ | २५०० | २५०० | |
| | हल भाडा | ४ | | ५ | २० | ५००० | २५००० | |
| | सहभागी खर्च | | | ५ | ११३ | ६०० | ३३९००० | |
| | सञ्चार खर्च | | | | १०० | १००० | १००००० | |
| | जम्मा | | | | | | ४६६५०० | |
| **५** | **कुल जम्मा** | | | | | | | |
| | **विवरण** | | | | | | **जम्मा रू.** | |
| | प्रशिक्षक, संयोजक, प्रतिवेदक र सहयोगीको पारिश्रमिक | | | | | | ९०००० | |
| | खाजा | | | | | | १८७५०० | |
| | मसलन्द | | | | | | ५६५० | |
| | हल भाडा र विविध | | | | | | ४६६५०० | |
| | कुल जम्मा | | | | | | ७४९६५० | |

अनुसूची ४.३ : स्रोत व्यक्ति, संयोजक, प्रतिवेदक र सहयोगीहरुको विवरण

| क्र.सं. | कक्षा | सेसन | चैत्र २६ | चैत्र २७ | चैत्र २८ | चैत्र २९ | चैत्र ३० |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ | सेसन १ | अस्मिता पवन | बन्दना पौडयाल | निखिल श्रेष्ठ | विष्णुराज रेग्मी | अस्मिता पवन |
| २ | कक्षा १ | सेसन २ | अस्मिता पवन | नरदेवी काफ्ले | निखिल श्रेष्ठ | अस्मिता पवन | किरण पोखरेल |
| ३ | कक्षा १ | सेसन ३ | अस्मिता पवन | केशव प्रसाद लामिछाने | निखिल श्रेष्ठ | टिकाराम महतो | अस्मिता पवन |
| ४ | कक्षा १ | सेसन ४ | अस्मिता पवन | ढुण्डिराज लामिछाने | निखिल श्रेष्ठ | मुक्तिराम रिजाल | मुक्तिराम रिजाल |
| | | | | | | | |
| ५ | कक्षा २ | सेसन १ | लोक बहादुर खत्री | निखिल श्रेष्ठ | बन्दना पौडयाल | शिव भट्टराइ | शिव भट्टराइ |
| ६ | कक्षा २ | सेसन २ | लोक बहादुर खत्री | निखिल श्रेष्ठ | नरदेवी काफ्ले | विष्णुराज रेग्मी | बन्दना पौडयाल |
| ७ | कक्षा २ | सेसन ३ | लोक बहादुर खत्री | निखिल श्रेष्ठ | केशव प्रसाद लामिछाने | अस्मिता पवन | नरदेवी काफ्ले |
| ८ | कक्षा २ | सेसन ४ | केशव प्रसाद लामिछाने | निखिल श्रेष्ठ | मुक्तिराम रिजाल | टिकाराम महतो | केशव प्रसाद लामिछा |
| | | | | | | | |
| ९ | कक्षा ३ | सेसन १ | निखिल श्रेष्ठ | अस्मिता पवन | लोक बहादुर खत्री | अस्मिता पवन | किरण पोखरेल |
| १० | कक्षा ३ | सेसन २ | निखिल श्रेष्ठ | अस्मिता पवन | लोक बहादुर खत्री | टिकाराम महतो | अस्मिता पवन |
| ११ | कक्षा ३ | सेसन ३ | निखिल श्रेष्ठ | अस्मिता पवन | लोक बहादुर खत्री | विष्णुराज रेग्मी | बन्दना पौडयाल |
| १२ | कक्षा ३ | सेसन ४ | निखिल श्रेष्ठ | अस्मिता पवन | लोक बहादुर खत्री | लोक बहादुर खत्री | शिव भट्टराइ |
| | | | | | | | |
| १३ | कक्षा ४ | सेसन १ | बन्दना पौडयाल | ढुण्डिराज लामिछाने | अस्मिता पवन | टिकाराम महतो | लोक बहादुर खत्री |
| १४ | कक्षा ४ | सेसन २ | नरदेवी काफ्ले | लोक बहादुर खत्री | अस्मिता पवन | बन्दना पौडयाल | लोक बहादुर खत्री |
| १५ | कक्षा ४ | सेसन ३ | ढुण्डिराज लामिछाने | लोक बहादुर खत्री | अस्मिता पवन | नरदेवी काफ्ले | लोक बहादुर खत्री |
| १६ | कक्षा ४ | सेसन ४ | ढुण्डिराज लामिछाने | लोक बहादुर खत्री | अस्मिता पवन | विष्णुराज रेग्मी | लोक बहादुर खत्री |

| | संयोजक | सहयोगी |
|---|---|---|
| कक्षा १ | वन्दाना पौडयाल २६-२७ गते। नरदेवी २८-२९ गते र केशव ३० गते | विजय तामाङ |
| कक्षा २ | किरण पोखरेल | झलक प्रसाद काफ्ले |
| कक्षा ३ | सुशिला कटुवाल | रविन्द्रमान महर्जन |
| कक्षा ४ | वेदना गौली | दशु पतुवार |

## अनुसूची ४.४ : प्रशिक्षक, संयोजक र सहयोगीहरुको भरपाइ

| क्र.सं. | नाम, थर | कार्यालय | भूमिका | कक्षा सङ्ख्या | दर | जम्मा रु. | १५ % कर | बुझिलिने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ढुण्डिराज लामिछाने | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्रशिक्षक | ४ | १५०० | ६००० | ९०० | ५१०० | |
| २ | टिकाराम महतो | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्रशिक्षक | ४ | १५०० | ६००० | ९०० | ५१०० | |
| ३ | विष्णुराज रेग्मी | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्रशिक्षक | ४ | १५०० | ६००० | ९०० | ५१०० | |
| ४ | निखिल श्रेष्ठ | जिल्ला प्रशासन कार्यालय | प्रशिक्षक | १२ | १५०० | १८००० | २७०० | १५३०० | |
| ५ | मुक्तिराम रिजाल | जिल्ला प्रशासन कार्यालय | प्रशिक्षक | ३ | १५०० | ४५०० | ६७५ | ३८२५ | |
| ६ | शिव भट्टराइ | कोष तथा लेखा नियन्त्रक का | प्रशिक्षक | ३ | १५०० | ४५०० | ६७५ | ३८२५ | |
| ७ | लोक बहादुर खत्री | काठमाडौं क | प्रशिक्षक | १५ | ८०० | १२००० | १८०० | १०२०० | |
| ८ | अस्मिता पवन | काठमाडौं क | प्रशिक्षक | १८ | ८०० | १४४०० | २१६० | १२२४० | |
| ९ | वन्दना पौडयाल | काठमाडौं क | प्रशिक्षक | ६ | ८०० | ४८०० | ७२० | ४०८० | |
| १० | नरदेवी काफ्ले | काठमाडौं क | प्रशिक्षक | ५ | ८०० | ४००० | ६०० | ३४०० | |
| ११ | किरण पोखरेल | काठमाडौं क | प्रशिक्षक | २ | ८०० | १६०० | २४० | १३६० | |
| १२ | केशव प्रसाद लामिछाने | काठमाडौं क | प्रशिक्षक | ४ | ८०० | ३२०० | ४८० | २७२० | |
| १३ | वन्दना पौडयाल | काठमाडौं क | संयोजक | २ | ४०० | ८०० | १२० | ६८० | |
| १४ | नरदेवी काफ्ले | काठमाडौं क | संयोजक | २ | ४०० | ८०० | १२० | ६८० | |
| १५ | किरण पोखरेल | काठमाडौं क | संयोजक | ५ | ४०० | २००० | ३०० | १७०० | |
| १६ | केशव प्रसाद लामिछाने | काठमाडौं क | संयोजक | १ | ४०० | ४०० | ६० | ३४० | |
| १७ | सुशिला कटुवाल | काठमाडौं क | संयोजक | ५ | ४०० | २००० | ३०० | १७०० | |
| १८ | वेदना गौली | काठमाडौं क | संयोजक | ५ | ४०० | २००० | ३०० | १७०० | |
| १९ | वेदना गौली | काठमाडौं क | प्रतिवेदक | १ | १००० | १००० | १५० | ८५० | |
| २० | विजय तामाङ | काठमाडौं क | सहयोगी | ५ | २०० | १००० | १५० | ८५० | |
| २१ | रविन्द्रमान महर्जन | काठमाडौं क | सहयोगी | ५ | २०० | १००० | १५० | ८५० | |
| २२ | झलक प्रसाद काफ्ले | वानेश्वर क्याम्पस | सहयोगी | ५ | २०० | १००० | १५० | ८५० | |
| २३ | दशु पतुवार | काठमाडौं क | सहयोगी | ५ | २०० | १००० | १५० | ८५० | |
| | | | | | जम्मा | ९८००० | १४७०० | ८३३०० | |

अनुसूची ४.५ : तालिम कार्यक्रमको स्वागत भाषण (Opening Welcome Speech)

आर्थिक गणनाको गणना टोलीमा सबैको स्वागत छ। हामी सबै एउटै टिममा छौँ भन्ने मेरो बुझाइ छ। हाम्रो लक्ष्य महानगरका ८-१४, २९-३२ गरी जम्मा ११ ओटा वडामा सञ्चालित करिब ५० हजार व्यापार व्यवसायहरुको गणना गर्ने हो। गणना गर्ने भनेको व्यवसायीलाई भेटेर प्रश्नावली भर्ने हो। यो तालिममा त्यो प्रश्नावली भर्ने तरिका सिक्ने काम गरिनेछ।

मलाई धेरै कुरा थाहा छैन। तर आर्थिक गणनामा गणना कार्य कसरी गरिन्छ भन्ने राम्ररी थाहा छ। गणना कार्य शुरु गर्ने २०८३ बैशाख २ गतेदेखि हरेक दिन १२-१५ वटा व्यापार, होटल, उद्योग, स्कुल, कलेज, अस्पताल, बैङ्क, सहकारी वा गैससमा पुगेर एउटै प्रश्नावली पटक पटक भरिन्छ। यो काम हामीले निरन्तर ६०-७० दिन दोहोराउनु पर्ने हुन्छ।

त्यसैले यो ५ दिने तालिममा हामीले हरेक दिन यहाँ आएर ४ वा ५ पटक प्रश्नावली भर्ने अभ्यास गर्नेछौं। यो तालिमको मुख्य फोकस/ मुख्य लक्ष्य नै धेरै पटक अभ्यास गरेर प्रश्न सोध्ने र उत्तर भर्ने fluency विकास गर्ने हो। तपाईले पटक पटक दोहोराएर सिकेको सीप अभ्यास गर्न सामान्य अवरोध वा हस्तक्षेपले रोक्न सक्दैन।

आर्थिक गणना भनेको अर्थतन्त्रको मापन गर्ने गणना हो। नेपालको अर्थतन्त्र भनेको नेपालको जीडीपी हो। नेपालको जीडीपी अनुमान गर्न Reliable and Benchmark Data यो गणनाले दिन्छ। अहिले नेपालको जीडीपी सन् २०१०/११ को बेस इयरमा आधारित छ। यो गणना भए पछि सन् २०२०/२१ मा बेस इयर परिवर्तन गरेर जीडीपी को नयाँ श्रृङ्खला निर्माण गर्न सकिन्छ। अहिले नेपालको जीडीपी ६६ खर्ब छ। आउँदो बैशाख दोस्रो हप्ता यस वर्षको नयाँ जीडीपी प्रकाशित हुन्छ। वर्षेनी जीडीपी र आर्थिक वृद्धि दर मापन गर्न नेपालका कृषि, वन, खानी, उद्योग, विद्युत, खानेपानी, निर्माण, व्यापार, होटल, रियलस्टेट, बैङ्क, सहकारी, शिक्षा, स्वास्थ्य आदि हरेक क्षेत्रको अध्ययन गर्नु पर्ने हुन्छ। त्यस्ता अध्ययन गर्न यो गणनाले स्याम्पलिङ फ्रेम र बिजनेस रजिष्टर पनि दिन्छ।

जसरी जनगणनाले नेपालकी जनशक्ति वा सामाजिक शक्तिको मापन गर्छ। जीडीपी ले नेपालको आर्थिक शक्ति कति छ? नेपालको बजार कत्रो छ? भन्ने प्रश्नको उत्तर दिन्छ। नेपालको उद्योग क्षेत्रको आकार कत्रो र कस्तो छ यो गणनाले नयाँ चित्र दिन्छ। यसले नेपालको सेवा क्षेत्र कति विस्तार हुँदै छ भन्ने ट्रेन्ड बताउँछ।

भारत, पाकिस्तान, बङ्गलादेश, चीन आदि छिमेकी देशले पनि ८/१० वर्षको अन्तरालमा आर्थिक गणना गर्दछन्। नेपालले २०७५ सालमा आर्थिक गणना गरेको थियो।

हामी तालिम पश्चात आफ्नो कार्यक्षेत्र पहिचान गरेर तथ्याङ्क सङ्कलनको मुख्य काममा जानेछौँ। त्यहाँको भूगोल वा लोकेसन त हामीलाई थाहा छ। तर उत्तरदाताको मुड, विचार र हामीप्रतिको धारणा बारे हामी अनभिज्ञ हुन्छौँ। उनीहरुले तथ्याङ्कको टोलीलाई नितान्त बेग्लै दृष्टिकोणले हेरेको र मूल्याङ्कन गरेका हुन्छन्। हाम्रो खराब आचरण, अनुचित हाउभाउ वा मन्तव्यले पुरै गणना माहौल बिग्रन सक्छ। फिल्डमा एउटा गणना कर्मचारीको मुख्य हतियार नै विनय, विनम्रता, सुशिलता, र धैर्यता हुन्। शालिन अभिवादन, मुस्कान, छातिमा आइडि कार्ड, टाउकोमा आर्थिक गणनाको टोपी, हातमा आर्थिक गणनाको पर्चा र प्रश्नावली – यत्ति साधनको सहयोगले असार ८ गतेसम्म ६०० प्रश्नावली भर्नु छ।

यो गणनामा सरकारी कार्यालय बाहेक हर थोक गणना हुन्छ, केही नछोडी कम्पलिट काउन्ट गर्नुपर्छ। कृषि जन्य कार्यहरु दर्ता भएका मात्र गणना गरिन्छ। अरु व्यापार व्यवसाय दर्ता नभए पनि हुन्छ। फुटपाथमा सञ्चालन भएका जुत्ता पोलिस गर्ने, मकै पोल्ने वा तरकारीको ठेला, चटपटे वा चिया पसलदेखि ठूला ठूला उद्योग व्यापार स्कुल कलेज अस्पताल र बैङ्कहरु यो गणनामा समावेश हुन्छन। स्कुल कलेज र स्वास्थ्य संस्था, सरकारी वा सामुदायिक जे भए पनि गणनामा समावेश गर्नु पर्छ। विश्वविद्यालय र तिनका सबै आंगिक क्याम्पस र सम्बन्धन लिएका क्याम्पसको बेग्ला बेग्लै गणना गर्नुपर्छ। गणना गर्नु पर्छ भनेको अलग्गै प्रश्नावली भर्नुपर्छ भनेको हो। हङ्कङ बजारका सबै पसल वा तरकारी/फलफुल बजारका सबै पसलहरु यो गणनामा समावेश हुन्छन्।

सानातिना युवा क्लब र आमा समूहदेखि ठूला गैरसरकारी संस्था पनि यो गणनाभित्र पर्दछन्।

पशुपति मन्दिर परिसरभित्रका सबै पुजा सामग्री बेच्नेहरु, पाठपुजा गर्ने पुरेत वा ज्योतिषहरुले यो गणनामा प्रश्नावली भर्नु पर्दछ।

एयरपोर्टभित्रका रेष्टूरेण्ट पनि गणना हुन्छन्।

बैङ्कका सबै शाखालाई फरक फरक प्रतिष्ठान मानेर गन्ति गर्नुपर्छ।

यो गणना कार्यमा सरकारी कार्यालयको परिसर वा सिंहदरबार परिसरभित्र पनि गणक पुग्नु पर्दछ। त्यहाँभित्र क्यान्टिन वा कुनै संघसंस्था/ट्रेड युनियन वा व्यवसाय सञ्चालन भएका हुन सक्छन्।

यो गणनामा सबै सञ्चार गृहहरु सबै प्रकारका अनलाइन पत्रिका, एफ एम रेडियो र टेलिभिनहरुको प्रश्नावली भर्नुपर्छ।

सबै ल फर्म, अडिटर फर्म, डाक्टरका क्लिनिक, सबै कन्सल्टेन्सी फर्म यसमा समेटनु पर्छ।

हरेक घरमा पुगेर तला तलामा सञ्चालन भएका व्यवसायहरु खोजी खोजी समेटनु पर्दछ। एउटा पनि व्यापार व्यवसाय छोडनु हुँदैन। छुट्यो कि भनेर हरेक गल्लीमा पटक पटक सोधपुछ गर्नुपर्दछ।

सबै भाडाका सवारीसाधनका धनीहरु पनि खोज्नुपर्छ। के छोडने के समावेश गर्ने भनेर अलमल हुनु पर्दैन। सबैथोक सबै विजनेस सबै सेवाहरु र सबै उत्पादनहरु समेटनु होला। कभरेज बाहिर पर्ने देखिए पछि छानेर फालौँला। कुनै पनि क्रियाकलाप नछोडी प्रश्नावली भर्नुपर्दछ।

बानेश्वरको BICC भवन र सिभिल हस्पिटल पनि भर्ने हो। BICC पुरै सरकारी होइन। छोडने भनेको सरकारी लोगो प्रयोग गर्ने अफिस मात्रै हो। बेग्लै छाप छ भने गणना गर्नुपर्छ।

नेपाल टेलिकम, विद्युत प्राधिकरण, गोर्खापत्र आदि सरकारी संस्थान पनि गणना गर्नुपर्छ। तिनका शाखा शाखा पुग्नुपर्छ। शाखालाई शाखा भनेर  र हेड अफिसलाई हेड अफिस मानेरै गणना गर्नु पर्छ।

यो गणनामा मुख्य गरी कर्मचारीसंख्या, तलबसुविधा र वार्षिक आय-व्यय एवम् कुल लगानी रकम सोधिएको छ। जम्मा १५ खण्ड र ६५ प्रश्न भएको छोटो प्रश्नावली छ। शुरुका १/२ दिन पछि करिब २० मिनेटमा यो प्रश्नावली भर्न सकिन्छ।

बैशाख २ गतेदेखि दिनको करिब ३ घंटा समय मात्र आर्थिक गणनामा दिनु भयो भने दैनिक १०/१२ ओटाको दरले तपाइले ७०० प्रश्नावली भर्न सक्नु हुनेछ।

यो गणनाको प्रश्नावली निर्माणदेखि नै काठमाडौँका मुख्य व्यावसायिक महासङ्घहरु आर्थिक गणनाको प्राविधिक समितिमा सहभागी भएका छन्। काठमाडौँमा धैरै प्रकारका व्यावसायिक संघसंस्थाहरुसँग, पत्रकारहरुसँग राष्ट्रिय तथ्याङ्क कार्यालयले अन्तर्क्रिया गरेको छ। जिल्ला तहमा सिडिओ साहेबको अध्यक्षतामा समन्वय समिति र पालिका तथा वडास्तरमा पनि सहजीकरण समितिहरु गठन भएका छन्। वैशाख २ गतेदेखि प्रचारको काम विस्तार हुन्छ। प्रचारको केही काम हामी आफैले पनि गर्न सक्छौँ- पर्चा बाँडेर।

राष्ट्रिय तथ्याङ्क कार्यालय नेपाल सरकारको तथ्याङ्क सम्बन्धी काम गर्ने आधिकारिक निकाय हो। यस कार्यालयले तथ्याङ्क ऐन, २०७९ अनुसार नेपाल सरकारबाट स्वीकृत गणना तथा सर्वेक्षण गर्दछ। तपाईहरु आगामी २ महिना यही कार्यालयको प्रतिनिधिको रुपमा काम गर्दै हुनुहुन्छ।

अहिलेलाई यति नै। अब व्यक्तिगतरुपमा परिचय आदानप्रदान गरेर अब आर्थिक गणनाको पहिलो सेसन शुरु गरौं।

खण्ड – ५

# वैशाख २ गतेदेखि असार ७ गतेसम्मको आर्थिक गणना

## ५.१ बैशाख २ गते: गणना शुरुवात

जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौँ 'क' ले गणनाको पहिलो दिन त्रिपुरेश्वर चोकस्थित रहेको युनाइटेड वल्ड ट्रेड सेन्टरबाट बिहान १०:३० बजे आर्थिक गणनाको तथ्याङ्क सङ्कलन कार्य शुरु गरेको थियो। सो दिन शुरुमा भुई तलामा रहेका सबै पसलहरुमा आर्थिक गणनाको पर्चा बाँडेर त्यहाँका ३ ओटा पसलमा एकैसाथ ३ जना गणकले तथ्याङ्क सङ्कलन गरेका थिए। सो दिन त्यहाँ खटिएका गणकहरुमा बिनिता पङ्गेनी, रेजिना प्याकुरेल र प्रेरणा साह थिए भने सो गणनाकार्यको सुपरिवेक्षण सृष्टी पौडेलले गरेकी थिइन। कार्यालयको व्यवस्थापन समूहबाट सहायक आर्थिक गणना अधिकारी अस्मिता पवनको सहभागिता रहेको थियो।

## ५.२ जिल्ला आर्थिक गणना कार्यालय काठमाडौँ क को फेसबुक पेज र हवाट्स अप ग्रुप निर्माण

बैशाख २ गते जिल्ला आर्थिक गणना कार्यालय काठमाडौँ क को फेसबुक पेज निर्माण गरेर सो पेज र हवाट्स अप ग्रुप मार्फत सबै सुपरिवेक्षक तथा गणकहरुलाई आआफ्नो गणना क्षेत्रमा बैशाख २ गतेदेखि नै अनिवार्य रुपमा गणना कार्य प्रारम्भ गर्न अनुरोध गरिएको थियो। अधिकांश गणकले सोही दिन तथ्याङ्क सङ्कलन गरेका थिए।

## ५.३ नेपाल उद्योग वाणिज्य संघ काठमाडौँले आर्थिक गणनामा विवरण दिन अपील गरेको

नेपाल उद्योग वाणिज्य संघ काठमाडौँले आफ्ना सदस्यहरु तथा काठमाडौँ जिल्लाका व्यवसायीहरुलाई आर्थिक गणनामा विवरण दिन आफ्नो संस्थाको फेसबुक पेज मार्फत अपील गरेको थियो।

## ५.४ नेपाल वितरक संघले आर्थिक गणनामा विवरण दिन अपील गरेको

नेपाल वितरक संघ आफ्ना सबै सदस्यहरुलाई आर्थिक गणनामा विवरण दिन आफ्नो संस्थाको फेसबुक पेज मार्फत अपील गरेको थियो।

## ५.५ डेली रिपोर्टिङ सिस्टम र गणनाको प्रगति ट्र्याकिङ

चित्र ५.१: गणनाको दैनिक प्रगति, बैशाख २ गतेदेखि असार ८ गतेसम्म




स्रोत : http://ecensus.nsonepal.gov.np:81/necReporting/public/view_reports.php मा उपलब्ध सूचनामा आधारित।

## तालिका ५.१: धेरै प्रतिष्ठानहरु गणना भएको मिति

| मिति | गणना भएका प्रतिष्ठान | मिति | गणना भएका प्रतिष्ठान | मिति | गणना भएका प्रतिष्ठान | मिति | गणना भएका प्रतिष्ठान | मिति | गणना भएका प्रतिष्ठान |
|---|---|---|---|---|---|---|---|---|---|
| जेठ १२ | १००६ | बैशाख १६ | ६८३ | जेठ १४ | ५८७ | असार ४ | ४९६ | बैशाख २६ | २९८ |
| जेठ १३ | ८६२ | बैशाख ८ | ६७८ | जेठ १९ | ५७६ | जेठ २४ | ४८६ | बैशाख २ | २६४ |
| बैशाख १० | ८५५ | बैशाख १५ | ६७८ | बैशाख ३ | ५७४ | जेठ ६ | ४८० | जेठ १६ | २५७ |
| असार १ | ८२२ | बैशाख ११ | ६७७ | जेठ १७ | ५७२ | बैशाख ५ | ४६४ | जेठ ९ | २२६ |
| जेठ १० | ८१४ | जेठ ७ | ६७३ | बैशाख २४ | ५६८ | जेठ २० | ४६० | जेठ २ | १८९ |
| बैशाख ७ | ७६९ | जेठ २७ | ६६४ | बैशाख २२ | ५६६ | बैशाख २५ | ४५३ | असार ६ | १७६ |
| बैशाख ६ | ७४५ | जेठ २६ | ६५१ | जेठ २५ | ५४३ | जेठ ८ | ४४२ | असार ७ | ५७ |
| बैशाख २१ | ७२८ | बैशाख २३ | ६४८ | जेठ २१ | ५३९ | असार २ | ४१९ | जेठ २३ | २५ |
| बैशाख २७ | ७२८ | जेठ १५ | ६४८ | बैशाख ३१ | ५३२ | जेठ १ | ४१५ | असार ८ | ३ |
| बैशाख ९ | ७२५ | बैशाख ३० | ६४४ | बैशाख ४ | ५२६ | | | | |
| जेठ ५ | ७१२ | बैशाख १४ | ६३६ | जेठ १८ | ५२४ | असार ५ | ३८८ | | |
| जेठ ११ | ७०२ | बैशाख १३ | ६२१ | बैशाख १७ | ५०६ | जेठ ३१ | ३६८ | | |
| | | जेठ २२ | ६२१ | जेठ २९ | ५०२ | असार ३ | ३६८ | | |
| | | जेठ ३ | ६२० | | | बैशाख १२ | ३६७ | | |
| | | बैशाख २९ | ६१८ | | | बैशाख १९ | ३३८ | | |
| | | बैशाख १८ | ६१२ | | | जेठ ३० | ३३८ | | |
| | | जेठ ४ | ६०७ | | | | | | |
| | | बैशाख २८ | ६०३ | | | | | | |
| | | बैशाख २० | ६०१ | | | | | | |
| | | जेठ २८ | ६०० | | | | | | |

स्रोत : http://ecensus.nsonepal.gov.np:81/necReporting/public/view_reports.php मा उपलब्ध सूचनामा आधारित।

डेली रिपोर्टिङ लाई आधार मान्ने हो भने जेठ १२ गते सबैभन्दा धेरै (१००६ प्रतिष्ठान) गणना भएका थिए। जेठ १३ गते ८ सय ६२ प्रतिष्ठान गणना भएको देखिन्छ भने बैशाख १० गते ८ सय ५५ प्रतिष्ठान र असार १ गते असार २२ प्रतिष्ठान गणना भएको देखिएको छ। बैशाख २ गतेदेखि असार ७ गतेसम्मको ६८ दिनमा यस कार्यालयको कार्यक्षेत्रमा औषतमा दैनिक ५४६ प्रतिष्ठान गणना भएको थियो। असार ८ गते तीन वटा प्रतिष्ठान गणना भएको रिपोर्टिङ भएको देखिन्छ (चित्र ५.१, तालिका ५.१)।

बैशाख २ गतेदेखि शुरु भएको आर्थिक गणनामा यस कार्यालय अन्तर्गतको कार्यक्षेत्रमा बैशाख महिनाका शनिबारहरुमा अन्य दिन भन्दा कम गणना भएको देखिन्छ। यद्यपि बैशाखका शनिबारमा २०० भन्दा कम प्रतिष्ठानहरु गणना भएका थिए। बैशाखका शनिवार भन्दा जेठ महिनाका प्रथम चार वटा शनिवारमा क्रमश: जेठ २ गते १८९, जेठ ९ गते २२६ वटा, जेठ १६ गते २५७ वटा र जेठ २३ गते २५ वटा प्रतिष्ठान

मात्र गणना भएका थिए। तर जेठ ३० गतेको शनिवार गणना कार्यमा पहिलाजस्तो सुस्तता देखिएन(चित्र ५.२)।

**चित्र ५.२: गणनाको दैनिक प्रगति, बैशाख २ गतेदेखि असार ८ गतेसम्म**




स्रोत : http://ecensus.nsonepal.gov.np:81/necReporting/public/view_reports.php मा उपलब्ध सूचनामा आधारित।

अङ्किता गौतमले सबैभन्दा धेरै ६ सय ९१ प्रतिष्ठान गणना गरेकी थिइन। उनले वडा नम्बर ११ को १३, १४ र १५ नम्बर गणना क्षेत्रको काम गरेकी थिइन। यो क्षेत्र त्रिपुरेश्वर, थापाथली, भद्रकाली वरपरिको रामशाहपथको उत्तर दिशामा रहेको दशरथ रङ्गशाला तथा नेपाली सेनाको मुख्यालय भएको क्षेत्र हो (तालिका ५.२)।

**तालिका ५.२: ५०० भन्दा धेरै गणना गर्ने गणकहरू**

| क्र.सं. | विवरण | गणक सङ्ख्या | गणकको नाम |
|---|---|---|---|
| १ | ६५० - ६९९ | ३ | अङ्किता गौतम, पल्सा महर्जन, इशा साउद |
| २ | ६०० - ६४९ | ६ | इन्दल राम,प्रतिमा राई, मनिष भण्डारी, उमा कुमारी घिमिरे, राज कुमार अधिकारी, रोजिया खातुन |
| ३ | ५५० - ५९९ | ६ | लबदेव भट्ट, उमेश घिमिरे , रोजिता पराजुली, करुणा खत्री, लाल बाबु शर्मा, सोनु कुमार जयसवाल |
| ४ | ५००-५४९ | ८ | दिपेश घिमिरे, विपिन साह शंकर, सुनिता ढुङ्गाना, प्रकाश वली, इन्द्र कुमारी रोकाया क्षेत्री, सुष्मिता साह, महेन्द्र कठायत, सुधिर यादव |

## तालिका ५.३: गणक अनुसार गणना प्रगति

| क्र.सं. | गणक नाम | गणना गरेका प्रतिष्ठान | क्र.सं. | गणक नाम | गणना गरेका प्रतिष्ठान |
|---|---|---|---|---|---|
| १ | अङ्किता गौतम | ६९१ | ४४ | बिकेश कुमार यादव | ४३३ |
| २ | पल्सा महर्जन | ६६१ | ४५ | बिशाल निरौला खत्री | ४२७ |
| ३ | इशा साउद | ६६० | ४६ | गुरु प्रसाद पराजुली | ४१८ |
| ४ | इन्दल राम | ६३५ | ४७ | कंन्चन पंडित | ४१६ |
| ५ | प्रतिमा राई | ६३५ | ४८ | प्रेरणा साह | ४१५ |
| ६ | मनिष भण्डारी | ६२५ | ४९ | निशा घिमिरे | ४११ |
| ७ | उमा कुमारी घिमिरे | ६१७ | ५० | प्राश्ना श्रेष्ठ | ४११ |
| ८ | राज कुमार अधिकारी | ६०३ | ५१ | गिता अधिकारी | ४०३ |
| ९ | रोजिया खातुन | ६०० | ५२ | घनश्याम सिँह यादव | ४०१ |
| १० | लबदेव भट्ट | ५९४ | ५३ | इशानी शर्मा | ४०० |
| ११ | उमेश घिमिरे | ५८३ | ५४ | बिमल पन्थी | ३९९ |
| १२ | रोजिता पराजुली | ५७९ | ५५ | मेनुका सेटी | ३९२ |
| १३ | करुणा खत्री | ५७० | ५६ | कबिर ध्वज बुढाथोकी | ३८४ |
| १४ | लाल बाबु शर्मा | ५५८ | ५७ | दुर्गा बलामी | ३८४ |
| १५ | सोनु कुमार जयसवाल | ५५४ | ५८ | बिष्णु खड्का | ३७९ |
| १६ | दिपेश घिमिरे | ५२४ | ५९ | गंगा श्रेष्ठ | ३७७ |
| १७ | विपिन साह शंकर | ५२१ | ६० | अमृतु यादव | ३७६ |
| १८ | सुनिता ढुङ्गाना | ५२० | ६१ | पुकार गौतम | ३७२ |
| १९ | प्रकाश वली | ५१६ | ६२ | अदिती रायमाझी | ३७२ |
| २० | इन्द्र कुमारी रोकाया क्षेत्री | ५१३ | ६३ | उर्मिला विष्ट | ३६९ |
| २१ | सुष्मिता साह | ५०२ | ६४ | आदर्श मिसन साह | ३६७ |
| २२ | महेन्द्र कठायत | ५०१ | ६५ | प्रिति कुमारी राय | ३५९ |
| २३ | सुधिर यादव | ५०१ | ६६ | जानकी कुँवर | ३५९ |
| २४ | दिपेन्द्र गिरी | ४९८ | ६७ | अबि बिष्ट | ३४६ |
| २५ | आशिष केशरी | ४९१ | ६८ | आकाश पाल | ३४६ |
| २६ | निकिता साह | ४८६ | ६९ | दृष्टी श्रेष्ठ | ३४० |
| २७ | अरविन्द कुमार सिंह | ४८२ | ७० | रिना लामा | ३३९ |
| २८ | रस्ना सैजु | ४७५ | ७१ | जेनिशा बजगाइ | ३३८ |

| क्र.सं. | गणक नाम | गणना गरेका प्रतिष्ठान | क्र.सं. | गणक नाम | गणना गरेका प्रतिष्ठान |
|---|---|---|---|---|---|
| २९ | सोनी हमाल | ४६९ | ७२ | चन्दन प्रसाद साह | ३३५ |
| ३० | डिलाराम भट्ट | ४६७ | ७३ | खगेन्द्र कुमार यादव | ३३२ |
| ३१ | कविता पन्त | ४६१ | ७४ | अबिन कुमार मण्डल | ३१५ |
| ३२ | निशा साउद | ४६० | ७५ | सिद्धराज शाही | ३१४ |
| ३३ | आश्रीका कडेल | ४५७ | ७६ | स्नेहा ढकाल | ३१० |
| ३४ | शर्मिला प्रजापति | ४५६ | ७७ | रेजिना प्याकुरेल | ३०५ |
| ३५ | जयप्रकाश साह | ४५५ | ७८ | सुबास दमाइ | २८९ |
| ३६ | दिनेश राज ओझा | ४५३ | ७९ | तुलसा लिम्बु | २८७ |
| ३७ | रन्जन कुमार साह | ४५२ | ८० | उत्सव राज उप्रेती | २८५ |
| ३८ | रोशन राम वि.क. | ४४९ | ८१ | आषिश पौडेल | २७६ |
| ३९ | प्रतिभा रिमाल | ४४४ | ८२ | इशान्वी जायसवाल | २५१ |
| ४० | रोहन शाह | ४४१ | ८३ | बिनिता पङ्गेनी | २३० |
| ४१ | लक्ष्मी कुमारी | ४३९ | ८४ | आरोग्य फुयल | १८९ |
| ४२ | डण्डी राज दाहाल | ४३८ | ८५ | कविता चौधरी | १७० |
| ४३ | अस्मिता बिष्ट | ४३३ | ८६ | नीह कुमारी राय | ५३ |

स्रोत : http://ecensus.nsonepal.gov.np:81/necReporting/public/view_reports.php मा उपलब्ध सूचनामा आधारित।

### ५.६ समग्र गणना प्रगति

यस कार्यालयले ३७१४३ वटा कागजी प्रश्नावली र २८१ वटा ईसेन्सस् गरी जम्मा ३७४२४ ओटा प्रतिष्ठानहरुबाट आर्थिक गणनाको विवरण सङ्कलन गरेको छ। गणनाको समयमा गणकले आआफ्नो कार्यक्षेत्रमा ५९४ ओटा बन्द प्रतिष्ठान भेटेको रिपोर्टिङ गरेका थिए।

यो प्रगति आर्थिक गणना, २०७५ (३०७९६ प्रतिष्ठान) को तुलनामा १२०.६ प्रतिशत बढी छ भने यस कार्यालयलाई तोकिएको लक्ष्य (४९१२६ प्रतिष्ठान) को तुलनामा ७५.६ प्रतिशत रहेको छ।

### ५.७ गणना कार्यको अनुगमन

#### ५.७.१ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट अनुगमन

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट निम्न अनुगमनकर्ताले निम्न वडाका क्षेत्रहरु अनुगमन गरि गणना कार्यमा सहजीकरण गर्नु भएको थियो :-

- प्रमुख तथ्याङ्क अधिकारी तथा उपप्रमुख तथ्याङ्क अधिकारीहरुको टोलीले असार ८ गते आर्थिक गणना कार्यालयको अनुगमन गरेको
- निर्देशक वेद प्रसाद ढकाल र त.अ. दिनानाथ लम्सालले बानेश्वर चोक वरिपरिको अनुगमन गरेको
- निर्देशक कपिल देव जोशीले मध्यबानेश्वर क्षेत्रको अनुगमन गरेको
- निर्देशक सान्तवना शर्माले पेप्सीकोला क्षेत्रको अनुगमन गरेको
- निर्देशक पृथ्वी विजयराज सिजापतीले जडिबुटी क्षेत्रको अनुगमन गरेको
- निर्देशक पूर्ण बहादुर घर्ती मगरले मैतीदेवी क्षेत्रमा अनुगमन गरेको
- निर्देशकत्रय प्रभा बराल, तिर्थ बराल र ज्योती के.सी.ले पुरानो बानेश्वर, मैतिदेवी र थापाथली क्षेत्रमा अनुगमन गरेको
- तथ्याङ्क अधिकृत विष्णु रेग्मीले सिनामङ्गल देखि गौशाला क्षेत्रको अनुगमन गर्नुको साथै डाटा दिन आनाकानी गरेका अस्पताल तथा हवाइजहाज कम्पनीको गणना गर्न सहयोग गर्नु भएको
- तथ्याङ्क अधिकृत धन बहादुर बि.सि. तथा अशोक न्यौपानेले कोटेश्वर चोक क्षेत्रको अनुगमन गरेको
- तथ्याङ्क अधिकृत सबिन्द्र महर्जन र टिका महतोले थापाथली-त्रिपुरेश्वर क्षेत्रको अनुगमन गरेको
- तथ्याङ्क अधिकृत ण राज तिवारीले कलंकी कालिमाटी क्षेत्रको अनुगमन गर्नुको साथै साँझ र रात्रीको समयमा चल्ने दोहोरी रेष्टुरेन्टहरुको विवरण सङ्कलन कार्यमा सहजीकरण गर्नु भएको

### ५.७.२ व्यवस्थापन समूहबाट अनुगमन

व्यवस्थापन समूहका निम्न कर्मचारीलाई निम्न वडाहरुको सघन अनुगमन गर्ने जिम्मेवारी सुम्पिएको थियो:-

| क्र.सं. | जिम्मेवार कर्मचारी | अनुगमन गर्ने वडा नम्बर | कैफियत |
|---|---|---|---|
| १. | लोक बहादुर खत्री | वडा नम्बर ८ - १२ | |
| २. | अस्मिता पवन | वडा नम्बर २९-३२ | |
| ३. | केशव लामिछाने | वडा नम्बर १४ | |
| ४. | सुशिला कटुवाल | वडा नम्बर १३ | |

व्यवस्थापन समूहका सदस्यहरुले स्थलगत अनुगमन मार्फत खास गरि गणना कार्यमा निरन्तरता नदिएका सुपरिवेक्षक तथा गणकहरु पहिचान गरी आवश्यकता अनुसार मौखिक चेतावनी दिने, जिम्मेवारी हेरफेर गर्ने र कामबाट हटाएर अर्को गणक नियुक्ति गरी जिम्मेवारी प्रदान गर्ने काम गरिएको थियो।

यसका अतिरिक्त निम्न वडाका निम्न गणना क्षेत्रहरुमा व्यवस्थापन समूह, कार्यालयमा जगेडामा राखिएका गणक र अन्य सुपरिवेक्षक तथा गणकहरु परिचालन गरेर गणना कार्य सम्पन्न गरिएको थियो:-

| क्र.सं. | वडा नम्बर | गणना क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | ८ र ९ | विभिन्न गणना क्षेत्रमा | गणक आशिष पौडेल र सुवास दमाइलाई परिचालन गरिएको। गणक रिना लामालाई सहयोग गर्न कार्यालय सहयोगी दशु पतुवारलाई करिब १५ दिनसम्म फिल्डमा खटाइएको |
| २. | १० | बानेश्वर चोक | - खगेन्द्र प्रसाद यादवको कार्यबोझ उच्च देखिएकोले नयाँ गणक लवदेव भट्ट नियुक्ति गरि खटाइएको<br>- थोरै प्रतिष्ठान गणना भएका क्षेत्रका पूर्णता जाँच गर्न फिल्ड भेरिफिकेसन भ्रमण गरिएको |
| ३. | ११ | विभिन्न गणना क्षेत्र | - वडा नम्बर १२ मा काम सकेकी गणक इशान्वी जायसवाल लाई प्रेरणा साहको काममा सहयोग गर्न खटाइएको<br>- बबरमहलमा मुख्य कार्यालय रहेका प्रभु बैँक, एनएमबि बैँक, नेपाल आयल निगम, सगरमाथा टेलिभिजन, बसेर बुटिक होटल, हिमालयन एभरेष्ट इन्सुरेन्स, र विभिन्न कानुन व्यवसायीहरुको विवरण सङ्कलनमा व्यवस्थापन समूहले सहयोग गरेको |
| ४. | १४ | बल्खु तरकारी बजार | - व्यवस्थापन टोलीसमेतको टोलीले तथ्याङ्क सङ्कलनमा सहयोग गरेको<br>- बर्नहार्ट कलेज, टिपटप रेष्टुरेन्ट लागयका प्रतिष्ठानको गणना कार्यमा सहजीकरण गरेको<br>- थोरै प्रतिष्ठान गणना भएका क्षेत्रका पूर्णता जाँच |

| क्र.सं. | वडा नम्बर | गणना क्षेत्र | कैफियत |
|---|---|---|---|
| | | | गर्न फिल्ड भेरिफिकेसन भ्रमण गरिएको |
| ५. | २९ | विभिन्न गणना क्षेत्र | - कलेज, म्यूजिक कम्पनी र कानुन व्यवसायीहरुको विवरण सङ्कलनमा सहकार्य गरेको |
| ६. | ३० | विभिन्न गणना क्षेत्र | - थोरै प्रतिष्ठान गणना भएका क्षेत्रका पूर्णता जाँच गर्न फिल्ड भेरिफिकेसन भ्रमण गरिएको |
| ७. | ३१ | विभिन्न गणना क्षेत्र | - थोरै प्रतिष्ठान गणना भएका क्षेत्रका पूर्णता जाँच गर्न फिल्ड भेरिफिकेसन भ्रमण गरिएको<br>- शान्तिनगर तरकारी बजारको गणनामा सहकार्य गरेको<br>- पुरानोबानेश्वरको गणना क्षेत्र १५-१७ का गणकलाई गणना कार्यमा सहकार्य गरेको<br>- मध्य बानेश्वरमा गणना क्षेत्र २३ का गणना कार्यमा सहायता प्रदान गरेको<br>- अधिकांश गणकहरुको जिम्मेवारी आवश्यकता अनुसार हेरफेर गरिएको |
| ८. | ३२ | गणना क्षेत्र ३० र ४६ | - कोटेश्वर चोकको वारि र पारि रहेका यी क्षेत्रहरुको गणना व्यवस्थापन समूह र अन्य सहयोगी सुपरिवेक्षक तथा गणकहरुको टोलीमार्फत गणना गरिएको। |

### ५.८ गणकको विदाई कार्यक्रम: विदाई मन्तव्य

२०८३ असार १२ गते। स्थान: बानेश्वर क्याम्पस।

सबैलाई नमस्कार। आर्थिक गणनाको विदाइ कार्यक्रममा सबैलाई हार्दिक स्वागत छ।

आजको कार्यक्रम हजुरहरुको विदाइ भन्दा बढी हजुरहरुलाई धन्यवाद दिने, हजुरहरुले आर्थिक गणना कार्य सफल पार्न दिनु भएको योगदानको सम्मान गर्ने कार्यक्रम हो। आर्थिक गणनामा कार्यमा योगदान दिने ज्ञात अज्ञात सबैलाई धन्यवाद छ।

काठमाडौँ क को कार्यक्षेत्रमा आर्थिक गणना सफल भएको छ। यो क्षेत्रमा २०७५ सालमा ३१ हजार प्रतिष्ठान भेटिएका थिए। यस पटक यस कार्यालयलाई ४९ हजारको लक्ष्य दिइएको थियो। हजुरहरुको सहकार्य र मिहेनतको परिणामस्वरुप हामीले ३७ हजार भन्दा धेरै प्रतिष्ठान गणना गर्यौ। यस कार्यालयले लक्ष्यको ७५ प्रतिशत गणना कार्य पूरा गरेको छ। लक्ष्यको तुलनामा २५ प्रतिशत गणना बाँकी रहेको देखिन्छ। तर सङ्ख्यात्मकरुपमा ३७ हजार आफैमा ठूलो अङ्क हो। काठमाडौँ जिल्लामा स्थापना भएका ५ ओटा कार्यालयहरु मध्ये हाम्रो कार्यालय दोस्रो भएको छ। यो सफलताको लागि हजुरहरु सबैलाई बधाई छ। हजुरहरुको निरन्तर प्रयत्ने यो सम्भव भएको हो।

आज हामीले सर्वोत्कृष्ट सुपरिवेक्षक वा गणक पहिचान गरेर पुरस्कृत गर्ने योजना बनाएनौं। यहाँ सबै सुपरिवेक्षक र गणकले आआफ्नो व्यस्तता र नियमित कार्यलाई गणना कार्यसँग सन्तुलन कायम गर्नु भएको छ। यस दृष्टिकोणबाट सबै जना सर्वोत्कृष्ट दर्जामा मूल्याङ्कन गर्न सकिन्छ।

मैले एक ठाउँमा पढेको थिएँ

"जीवनको आधा हिस्सा अरूलाई मोहित बनाउनमै बित्छ। बाँकी आधा हिस्सा अरूका कारण उत्पन्न चिन्ताहरू सहँदै बित्छ।" आज हामी यस कार्यक्रममा न कसैलाई खुशी पार्न चाप्लुसी गर्नेछौँ, न कुनै विषयमा चिन्ता। करिब साढे ३ महिना अघि भएको हाम्रो भेट आज सार्थक भएको छ। यो खुशीको अवसर हो भन्ने मेरो बुझाई छ। हामी मध्ये कयौँ जीवनमा फेरि अर्को पटक भेट हुने छैनौं। तर केहीको पटक पटक भेट हुनेछ। आज हामी विगत साढे २ महिनामा आफ्ना अनुभव आदान प्रदान गर्नेछौँ र सफल जीवनको शुभकामना शेयर गर्नेछौं।

काम गर्ने हरेक गणकले आफ्नै प्रकृतिको मौलिक यात्रा, समस्या र चुनौती सामना गर्नु भएको थियो।

केही गणक साथीहरुले आफ्ना अप्ठ्यारा भावनाहरु व्यक्त गर्ने शब्द नभेटेर आफ्नै मन भित्र लुकाउनु भएको थियो।

तथ्याङ्कको काममा पटक पटक अस्वीकार आउँछ, एउटै ठाउँमा दोहोराएर तेहेराएर जानु पर्छ, मानिसहरुले unwanted advice दिन्छ, अनौठो व्यवहार गर्छन्। जसले यी विषयलाई जित्छ त्यसले मात्र तथ्याङ्कको मा राम्ररी गर्न सक्छ। त्यस्तो गणकले संसार जित्छ।

अङ्ग्रेजीमा भनाई छ : you can beat 99% of people if you can master the shame of rejection, the boredom of repetition, and the pain of feedback. यदि तिमी अस्वीकारको लाज, दोहोर्याइको बोरियत, र प्रतिक्रियाबाट आउने पीडालाई नियन्त्रण गर्न सक्छौ भने, तिमी ९९ % मानिसहरूलाई पछि पार्न सक्छौ।

अब म धन्यवाद ज्ञापन चरणमा प्रवेश गर्दछु।

**काठमाडौँ जिल्लाको आर्थिक गणनाको मार्गदर्शन र समन्वय गर्ने**

जिल्ला आर्थिक गणना समन्वय समितिका संयोजक श्रीमान् प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलज्यू र समन्वय समितिका सबै सदस्यहरु। प्रत्यक्षरुपले उहाँहरु फिल्ड कार्यमा देखिनु भएको थिएन। तर उहाँहरुको invisible support प्रभावकारी थियो। अर्थशास्त्रका पिता एडम स्मिथले बजार invisible hand ले सञ्चालन गर्दछ भन्नु भएको थियो। भगवानस्वरुप त्यो अदृश्य शक्तिको आशिर्वादले आर्थिक गणना सम्पन्न भएको छ। प्रमुख जिल्ला अधिकारीज्यू र समन्वय समितिका सबै सदस्यलाई आजको यस महत्वपूर्ण अवसरमा उहाँहरुको भौतिक –अभौतिक, प्रत्यक्ष-अप्रत्यक्ष योगदानप्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

**सबै वडाका वडा अध्यक्ष, वडा सदस्य र वडा सचिवहरु**

उहाँहरु सबैलाई पनि आर्थिक गणना कार्य सफल पार्ने क्रममा सम्झनु पर्ने हुन्छ। विशेषगरि, वडा नम्बर ३१ र १४ का वडा अध्यक्ष र सचिवज्यूहरुले आफ्नै कार्यालयमा स्थानीय व्यवसायीहरु भेला गराएर आर्थिक गणना सम्बन्धी अन्तर्क्रिया कार्यक्रम गर्न सहकार्य गर्नु भएको थियो।

वडा नम्बर ११ र १२ ले आर्थिक गणनामा विवरण प्रदान गर्न अनुरोध गर्दै पत्राचार गरिदिनु भएको थियो।

अङ्कुर सरले वडा नम्बर ९ का जनप्रतिनिधिहरुसँग भेटघाट गरि सहयोगको अपील गर्नु भएको थियो।

**नेपाल उद्योग वाणिज्य संघ काठमाडौँ, र काठमाडौँ जिल्लाका नगरस्तरीय व्यावसायिक समितिहरु**

नेपाल उद्योग वाणिज्य संघ काठमाडौँका अध्यक्ष श्री रमानाथ श्रेष्ठ र महासचिव प्रेमहरि निरौलाको सहयोग विशेषरुपले परिणामदायी रहेको छ। उहाँहरुले नेपाल उद्योग वाणिज्य संघको

फेसबुक पेज मार्फत जिल्लाका सबै व्यवसायीहरुलाई आर्थिक गणनामा विवरण दिन अपील गर्नु भएको थियो।

**उत्कृष्ट कार्यसम्पादन गर्ने व्यवस्थापन समूहका सदस्यहरु**

सबै सुपरिवेक्षक तथा गणकहरुको यस बृहत समारोहमा आर्थिक गणना कार्यालय काठमाडौँ क को व्यवस्थापन समूहमा रहेका अस्मिता पवन मेडम, किरण पोखरेल सर, सुशिला कटुवाल मेडम, केशव प्रसाद लामिछाने सर र वेदना गौली मेडमलाई निरन्तर सहकार्य, क्रियाशीलता र समन्वयको लागि हार्दिक कृतज्ञता व्यक्त गर्दछु। व्यवस्थापन टोलीमा रहेर काम गर्ने विजय तामाङ, रविन्द्रमान महर्जन र दशु पतुवारलाई पनि उहाँहरुले आआफ्नो भूमिकामा रहेको पुर्याउनु भएको योगदानको लागि धैरै धैरै धन्यवाद छ। आर्थिक गणना जस्तो बृहत कार्यक्रम एक दुई जना व्यक्ति वा समूहको प्रयत्नले सम्पन्न हुने विषय होइन।

**स्मरणीय सुपरिवेक्षकहरु**

अन्जु मरासिनी वडा नम्बर १० कि सुपरिवेक्षक हुनुहुन्छ। उहाँको क्षेत्रमा ८६ ओटा गणना क्षेत्र थिए। बानेश्वर चोकको मुख्य भाग वडा नम्बर १० मा पर्दछ। शुरु देखि नै उहाँ निरन्तर गणनामा सहजीकरण गर्न

